# प्रभाव दैनिक
National Daily



**चट्याङको समयमा सतर्क रहौं।**

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० | अंक ३५३ | काठमाडौं | आइतबार, ९ वैशाख २०८१ | Prabhab National Daily | Sunday, April 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


रुसी सेनामा रहेका नेपालीको उद्धार माग

# सुन्दैन सरकार, प्रदर्शनकारी अनसनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** रुसी सेनामा कार्यरत नेपालीको जीवनरक्षाको माग गर्दै सिंहदरबार अगाडि दिनहुँ प्रदर्शन भइरहन्छ । प्रदर्शनकारीहरूले रुसी सेनामा रहेका आफन्तहरूको जीवनरक्षा र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन कूटनीतिक पहल गर्नुपर्ने माग अघि सारेका छन् । घाइतेको उपचार गर्नुपर्ने र बेपत्ताको स्थिति सार्वजनिक गर्नुपर्नेलगायतका माग पनि उनीहरूको छ । तर, प्रदर्शनकारीहरूको यी माग नसुन्ने अवस्थामा सरकार छ । बरू, उल्टै प्रदर्शनकारीहरूमाथि सरकारको दमन भइरहेको छ

दमनका बाबजुद पनि पछि नहटेका प्रदर्शनकारीहरू शनिबारदेखि भने अनसनमा छन् । माइतीघर मण्डलमा उनीहरू अनसनमा बसेका हुन् । 'रुसी सेनामा आबद्ध नेपालीको जीवनरक्षार्थ अभियान'की संयोजक कृतु भण्डारीका अनुसार रुसी सेनामा रहेका नेपालीको उद्धारका लागि पटक-पटक सरकारको ध्यानाकर्षण गराए पनि सुनुवाइ नभएकाले बाध्य भएर अनसन बस्नुपरेको हो ।



> हामीले सरकारसमक्ष पटक-पटक हाम्रो माग राख्यौं । तर, सुनुवाइ भएन । त्यसपछि हामीले आन्दोलन सुरू गर्‍यौं । तैपनि बेवास्ता गरियो । त्यसैले बाध्य भएर अनसन थालेका हौं ।
>
> ■ **कृतु भण्डारी**
> **अभियन्ता**

'हामीले सरकारसमक्ष पटक-पटक हाम्रो माग राख्यौं । तर, सुनुवाइ भएन । त्यसपछि हामीले आन्दोलन सुरु गर्‍यौं । तैपनि बेवास्ता गरियो । त्यसैले बाध्य भएर अनसन थालेका हौं,' भण्डारीले प्रभावसँग भनिन् ।

प्रदर्शनकारीहरूको १३ बुँदे माग छन् । ती मागहरू सम्बोधन नहुञ्जेलसम्म अनसन जारी रहने पनि भण्डारीले बताइन् । 'हामीले १३ बुँदे माग राखेर अनसन थालेका हौं । यी मागहरू नेपाली सपुतहरूको जीवनरक्षार्थ हो । यहाँ केही पनि स्वार्थ छैन र माग सम्बोधन नहुञ्जेल हामी अनसन तोड्दैनौं,' उनले भनिन्, 'अनसनमा ४० जनाभन्दा बढी छौं ।'

युक्रेनको कब्जामा रहेका पाँचजना युद्धबन्दीको उद्धार गर्न, मृतकको शव स्वेदश ल्याउन, बेपत्ताको खोजी गर्न, रुसी सेनामा कार्यरत नेपाली नागरिकको तथ्यांक सार्वजनिक गर्न पनि प्रदर्शनकारीहरूले माग गरेका छन् ।

यसअघि २३ चैतमा भण्डारीसहित रुसी सेनामा रहेका आफन्तहरूले गृहमन्त्री रवि लामिछानेको ध्यानाकर्षण गराएका थिए । त्यसबेला भण्डारीले गृहमन्त्री लामिछानेलाई रुसी सेनामा भएका ६२० जना नागरिकको विवरणसमेत उपलब्ध गराएकी थिइन् ।

(क्रमश: पृष्ठ २ मा)

एमाले निष्कर्ष

# वामपन्थी एकता अव्यावहारिक

- निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुवीकरण उचित, व्यावहारिक र लाभदायी नहुने
- सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै गए भोलि विचार मिल्नेहरु क्रमशः एकै ठाउँ हुँदै जाने
- कांग्रेस परम्परावादी दक्षिणपन्थी, रास्वपा प्रियतावादी र राप्रपा राजनीतिक दिशाविहीन शक्ति





■ जेबी योञ्जन

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी एमालेले वामपन्थी एकता लाभदायी नहुने निष्कर्ष निकालेको छ । एमालेको यो निष्कर्षले २१ फागुनमा कांग्रेसलाई सत्तागठबन्धनबाट अलग पारेपछि वामपन्थी एकताको आधार खडा गरेको भन्ने प्रधानमन्त्री पुष्पकमल दाहालको अभिव्यक्तिलाई समेत खारेज गरेको छ । शनिबार मात्र आगामी २०८४ को निर्वाचनअघि नै वामपन्थी शक्तिहरू एकताबद्ध हुन्छन् भन्ने नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालको दाबीलाई खण्डित गरिदिएको छ ।

ललितपुरको गोदावारीमा शनिबारदेखि सुरु एमाले केन्द्रीय प्रतिनिधि परिषद् बैठकमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनले तत्काल वामपन्थी एकतालाई पनि औचित्यपूर्ण र आवश्यकता दुवै ठानेको छैन । अध्यक्ष ओलीले विचार मिल्नेहरूबीच भने सहकार्य आवश्यक रहेको औंल्याएका छन् । बरू, गहिरो सहकार्य र विश्वासको वातावरण निर्माण हुँदै गए विचार मिल्नेहरू क्रमशः एक ठाउँ हुने निष्कर्ष ओलीको छ ।

प्रतिवेदनमा भनिएको छ, 'यतिबेला निश्चित दल, विचार या शक्तिलाई निषेध गर्नेगरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुवीकरण उचित, व्यावहारिक र लाभदायी हुँदैन । सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरू क्रमशः एकै ठाउँ हुँदै जाने छन् ।'

उसो त ओली नेपालमा वाम शक्तिहरू नै नभएको बताउँछन् । 'वाम नभएको देशका कता एकता ?' ७ चैत २०७८ मा ओलीले भनेका थिए । त्यसैले पनि ओलीले प्रस्तुत गरेको एमालेको राजनीतिक प्रतिवेदनमा वाम एकताको विषय उल्लेख नभएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

उनले अहिलेको सत्ता समीकरणलाई कम्युनिस्ट एकताको जगको रूपमा पनि स्वीकारेनन् । तात्कालिक आवश्यकताको आधारमा मात्रै एमाले-माओवादीसहितको सत्ता गठबन्धन बनेको ओलीको जिकिर छ । उनका अनुसार अहिलेको सत्ता सहकार्य देशमा विद्यमान समस्या समाधानका लागिमात्रै हो ।

'सत्ता परिवर्तन सत्ता प्राप्तिका लागिमात्रै होइन । यो राष्ट्रियतालाई बलियो बनाउने र राष्ट्रिय हित र स्वाभिमान रक्षा गर्ने, सुशासनलाई प्रत्याभूत गर्ने, लोकतन्त्रको रक्षा र विकास गर्ने, विकास र समृद्धिको यात्रालाई गति दिने तथा जनतामा आशा र भरोसा जगाउने साझा संकल्पका साथ भएको समीकरण हो,' ओलीको भनाइ छ ।

प्रतिवेदनमा परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, विकास र पूर्वाधारका राष्ट्रिय एजेण्डा, संक्रमणकालीन न्याय र संवैधानिक प्रश्नमा प्रतिपक्षलगायत सबैसँग सार्थक संवाद गर्ने एमालेको नीति हुने पनि उल्लेख छ । यद्यपि, प्रमुख विपक्षी दल कांग्रेस भने अचानक सत्ताबाट बाहिरिनु पर्दा आक्रोशित, क्षुब्ध र हताश देखिएको एमालेको टिप्पणी छ ।

'यही हताशले कांग्रेसलाई प्रतिशोधको राजनीतिमा पुर्‍याएको छ । फागुन २१ गतेबाट सुरु भएको नयाँ समीकरणलाई सफल हुन नदिन र भत्काउन कांग्रेसले हरसम्भव प्रयास गरेको छ,' ओलीले प्रस्तुत गरेको प्रतिवेदनमा भनिएको छ । कांग्रेसलाई एमालेले परम्परावादी दक्षिणपन्थी शक्ति भनेको छ । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई प्रियतावादी शक्ति भनेको छ ।

(क्रमश: पृष्ठ २ मा)

## एमालेको खातामा पौने १३ करोड

एमालेको बैंक खातामा १२ करोड ६९ लाख रूपैयाँभन्दा बढी मौज्दात देखिएको छ । यो एमालेको २०८० सालको असार मसान्तसम्मको सम्पत्ति हो । यसबाहेक एमालेसँग स्थिर तथा अन्य सम्पत्ति (भवन निर्माणसमेत) पाँच करोड ९२ लाख ५४ हजार रूपैयाँ सम्पत्ति देखिएको छ ।

ललितपुरको गोदावारीमा जारी प्रतिनिधि परिषद् बैठकमा प्रस्तुत लेखा आयोगको प्रतिवेदनअनुसार पार्टीका विभिन्न कोषमा पाँच करोड १३ लाख रूपैयाँ छ । यस्तै ७० जिल्लामा एमालेको पार्टी कार्यालय रहेको प्रतिवेदनमा उल्लेख छ । यसअघि आर्थिक वर्ष २०७८/७९ मा एमालेले २२ करोड ८० लाख रूपैयाँ कूल आम्दानी गरेको थियो । त्यसमध्ये २१ करोड ६५ हजार रूपैयाँ खर्च भएको थियो । सो आर्थिक वर्षमा पार्टीको खर्चभन्दा आम्दानी १ करोड ७९ लाख रूपैयाँ बढी थियो ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# श्रममन्त्री अर्यालको निर्णयबाट बिच्किए व्यवसायी

## व्यवस्थित गर्नुपर्ने व्यवसायमाथि थप नियन्त्रण गर्न खोजेको आरोप

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालको पछिल्लो निर्णय अव्यावहारिक र अपरिपक्व भएको प्रतिक्रिया दिएका छन् । मन्त्री अर्यालले पूर्वश्रममन्त्री शरतसिंह भण्डारीले जारी गरेका कतिपय कार्यविधि र निर्णय खारेज गर्दै यथास्थितिमा काम गर्न निर्देशन दिएपछि व्यवसायीले उक्त प्रतिक्रिया दिएका हुन् ।

मन्त्री अर्यालले भर्खरै मात्र वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने (पहिलो सशोधन) कार्यविधि, २०८० समेत खारेज गर्दै २०७५ को व्यवस्था अनुसार नै मागपत्र प्रमाणीकरण गर्ने निर्णय गरेका छन् । त्यस्तै वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका लागि अंग्रेजी भाषा अनिवार्य गर्नेसम्बन्धी २०८० मंसिर ६ गतेको निर्णयसमेत खारेज गरेका छन् । साथै, पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को पहिलो संशोधन २०८० पनि खारेज भएको छ ।

मन्त्री अर्यालको उक्त निर्णयबाट व्यवसायीहरू यतिखेर निराशमात्र नभई व्यवसायमाथि खतरासमेत देखिरहेका छन् । वर्तमान श्रममन्त्री अर्यालको कार्यशैली र व्यवहार वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित बनाउनेभन्दा पनि नियन्त्रणमुखी देखिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'पेसा व्यवसाय गर्ने व्यवसायीको अधिकारमाथि अंकुश लगाउने ढंगले मन्त्रालय अघि बढेको देखिन्छ,' उनले भने, 'राज्यले नीतिनियम बनाउने, सहजीकरण गर्ने हो, व्यापार व्यवसाय नै गर्छु भन्ने होइन ।'



> मन्त्रालयले अझै थुप्रै निर्णयहरु गर्दै छ भन्ने सुनिएको छ । व्यवसायमैत्री नीति नियम आउनुपर्छ तर सरकार आफैंले व्यवसाय गर्ने तरिकाले अघि बढ्नु राम्रो संकेत होइन ।
>
> ■ **कुमुद खनाल**
> **अध्यक्ष, लोकतान्त्रिक वै.रो. व्यवसायी एसोसिएसन**



> पेसा व्यवसाय गर्ने व्यवसायीको अधिकारमाथि अंकुश लगाउने ढंगले मन्त्रालय अघि बढेको देखिन्छ । राज्यले नीतिनियम बनाउने, सहजीकरण गर्ने हो, व्यापार व्यवसाय नै गर्छु भन्ने होइन ।
>
> ■ **राजेन्द्र भण्डारी**
> **अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

एउटा मन्त्रीले गरेको निर्णय अर्को मन्त्रीले उल्टयाउँदै जाने परम्पराले वैदेशिक रोजगारीको क्षेत्र सधैं असुरक्षित रहने भण्डारीले टिप्पणी गरे । 'अहिले मागपत्र प्रमाणीकरण हुन नसक्दा युरोपको रोजगारीको अवसर गुम्ने अवस्थामा छ,' उनले भने, 'मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि खारेज गर्नु भनेको व्यवसायीले ल्याएका मागपत्र प्रमाणीकरण हुनबाट रोक्नु, बेथिति र ठगीले प्रश्रय पाउनुबाहेक अन्य उपलब्धि देखिँदैन ।'

वैदेशिक रोजगारीमा जाने कामदारलाई आर्थिक भार नपरोस् भन्ने राज्यको नीति भए पनि व्यवसायीले व्यसाय गर्न पाउने सुरक्षाको ग्यारेण्टी पनि राज्यले नै गर्नुपर्ने नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष कुमुद खनालले बताए । 'मन्त्रालयले अझै थुप्रै निर्णयहरू गर्दै छ भन्ने सुनिएको छ,' उनले भने, 'व्यवसायमैत्री नीति नियम आउनुपर्छ तर सरकार आफैंले व्यवसाय गर्ने तरिकाले अघि बढ्नु राम्रो संकेत होइन ।'

अहिले युरोपको मागपत्र ल्याउने व्यवसायीहरू अन्योलमा परेको उनको भनाइ छ । 'संस्थागतरूपमा आएका मागपत्र प्रमाणीकरण नभएको व्यवसायीहरूको गुनासो छ, त्यही मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्न र युरोपको रोजगारी नगुमोस् भन्ने उद्देश्यले नै मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि संशोधन भएको हो, यसलाई मन्त्रालयले पुनर्विचार गर्नु उपयुक्त हुन्छ,' खनालले भने ।

त्यस्तै वैदेशिक रोजगारीका लागि नेपालीहरूलाई युरोपमा पठाउँदै आएका एक व्यवसायीले वर्तमान श्रममन्त्री अर्यालले संस्थागत रोजगारीको मर्मलाई नबुझेको टिप्पणी गरे । कार्यविधि खारेज गरेर व्यवसायीलाई झन् दुःख दिने र युरोपमा कामै नगरुन् भन्ने नियतले मन्त्रालयले निर्णय गरेको उनले दाबी गरे ।




# सडक बालबालिका: पहिचान पाउन अझै पनि कठिन

■ कालिका खड्का

काठमाडौं- 'पशुपति आर्यघाटमा शव जलाउने काम गर्छु, ब्रह्मनालमा पैसा खोज्छु, त्यही पैसाले खान्छु,' पशुपतिमै जन्मिएर हुर्किँदै आएका तर कानुनी पहिचान नभएका हरिले भने, 'मलाई हरि भन्छन् तर मेरो नाम, थर केही छैन ।'

पशुपति क्षेत्रलाई नै घर सम्झिएका हरिको उमेर २२ वर्ष भएको छ। हरिलाई आफ्नो बुबा को हो भन्ने अत्तोपत्तो छैन । घर कहाँ हो केही थाहा छैन । 'मलाई घर कहाँ हो, केही थाहा छैन, मामाघर उदयपुर छ, कहिलेकाहीँ जान्छु,' हरिले आफ्नो बारेमा सुनाउँदै थपे, 'मेरी आमा छन्, आमा र म एउटा सानो कोठामा बस्छौं ।'

हरिकी आमाको पनि कुनै कानुनी पहिचान छैन । नेपालको संविधानअनुसार वंशजको आधारमा नागरिकता पाउने भनिएता पनि विवाहित महिलाको हकमा आफ्नो माइतीको बाबुआमाले नागरिकता नबनाई दिँदा नागरिकताविहीन हुनुपरेको छ । आमाछोरा दुवैलाई कसरी नागरिकता बनाउने पनि थाहा छैन । आमाको आफ्नो परिवार हुँदाहुँदै पनि जन्मदर्ता नभई जन्म प्रमाणित कागजपत्र नहुँदा छोर ासमेत पहिचानविहीन बन्न पुगेको छ ।

कानुनी पहिचानविहीन भएर बस्नुपर्ने अवस्था हरिको मात्र होइन । अर्का बालक विमलको अवस्था पनि उस्तै छ । काठमाडौं, बौद्धमा पढ्दापढ्दै १० वर्षको उमेरमा साथीहरूको लहैलहैमा लागेर नसामा डुबेर बस्न थालेपछि परिवारबाट सम्पर्कविहीन भएका थिए । 'म साथीसँग मिलेर डेनड्राइट खान थालेँ, नसामा लठ्ठ परिन्थ्यो, कतिबेर उज्यालो कतिबेला अँध्यारो पत्तै नहुने हुन्थ्यो,' परिवारविहीन बालक विमलले भने, 'नसामा डुबेर मैले परिवार बिर्सिएँ, घर कता पत्तै भएन ।'

डिल्लीबजारमा रहेको एक सेल्टर होममा २०६९ सालमा मलाई उद्धार गरेर राखियो । तीन वर्ष त्यस सेल्टर होममा बसेका विमल २०७२ सालको भूकम्प आएको वर्ष भागेर पुनः सडकमा नै आएर बस्न थाले। सेल्टर होममा बस्दा आफ्नो परिवारको महत्त्व थाहा पाएपछि आफू पहिला बसेको ठाउँ कपनमा गएर घर धेरैपटक खोजे तर परिवार पत्ता लगाउन सकेनन् ।

'सेल्टर होममा बस्दा घर परिवारको याद आएर म घर खोज्न गएँ, तर भूकम्पमा घरहरू भत्केर नयाँ घरहरू बनेका थिए, मैले घर थाहा पाउन सकिनँ, बाबाआमालाई खोज्न कुनै आधार नै पाइनँ,' विमलले भने, 'परिवार नभेटेपछि म फेरि सडकमै आएँ, केही काम गरुँ भने पहिचान केही छैन ।' विमललाई आफ्नो जन्मदर्ता बनाएको थियो वा थिएन थाहा छैन । बाबुआमा कहाँ छन् भनेर निकै चिन्ता लाग्छ ।

हरि र विमलको भन्दा अर्की किशोरी रीनाको अवस्था पनि फरक छैन । बीस वर्षकी रीनाको परिवार तीन पुस्तादेखि नै सडकमा बस्दै आएको छ। बाबाआमा दुवै सडकमा नै हुर्केको हुँदा कसैको पनि कानुनी पहिचान छैन । रीनाको बाबुआमा नेपाली भए पनि घर कहाँ हो केही थाहा छैन । 'बाबुआमा हुनुहुन्छ, उहाँहरूको पनि सडकमै भेट भएको हो,' रीनाले भनिन्, 'नेपाली हो तर घर कहाँ हो ? केही थाहा छैन ।'

रीनालाई पढाइमा निकै रुचि छ । सामाजिक संस्थाको सहयोगद्वारा कक्षा ७ सम्म अध्ययन गर्ने अवसर पाइन् तर पढाइका लागि जन्मदर्ता अनिवार्य भएपछि पढाइबाट वञ्चित हुनुपरेको छ । पढ्न नपाएर मानसिक तनावमा परेकी रीना आजभोलि लागुऔषधको कुलतमा फसेकी छन् ।

हरि, विमल र रीनाका आफन्त पत्ता लगाइ कानुनी पहिचान दिलाउन 'साथसाथ' नामक संस्थाले स्थानीय तहबाट पहल गरिरहेको छ तर अहिलेसम्म कानुनी पहिचान दिलाउन सकेको छैन । उक्त संस्थाकी कार्यक्रम व्यवस्थापक कविता शाहले भनिन्, 'बालबालिका असुरक्षित तरिकाले रहन हुँदैन, कानुनी पहिचान नभएका यी बालबालिका हाम्रो सम्पर्कमा आए, कसरी कानुनी पहिचान दिने भनेर लागिरहेका छौं ।'

विगत २६ वर्षदेखि सडकका बालबालिका संरक्षण गर्ने उद्देश्यले उक्त संस्थाले काम गरिरहेको छ । 'कानुनी पहिचान नै नभएका, परिवारका कुनै सदस्य भएका, बाबुआमा नभएका बालबालिका संस्थाको सम्पर्कमा आउने गरेका छन्,' उनले थपिन्, 'नाम थर केही नभएकालाई साथीले नाम राखिदिएको छ ।'

उक्त संस्थाले यस्ता तीन हजार बालबालिका आफ्नो सम्पर्कमा रहेको दाबी गरेको छ । संस्थाको पहलमा ३२६ जनाको जन्मदर्ता भइसकेको छ । पुस्तौं सडकमा बिताएका व्यक्तिको कानुनी पहिचान खोज्न धेरै कठिन छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । उक्त हकमा भनिएको छ, 'प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने छ, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने छ ।' संविधानले मौलिक हकमै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन र प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने छ भनी व्यवस्था गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

'कोही पनि आफन्त नभएको बालबालिकालाई सधैं अनागरिक बनाउन हुँदैन, सरकारले स्थानीय तहबाट बनाउनुपर्छ भन्छ तर स्थानीय तहमा त्यस्ता व्यक्तिका बारेमा पर्याप्त जानकारी नै हुँदैन,' शाहले थपे, 'आमामात्र हुँदा पनि बाबुको पहिचान खोज्ने गरिएको छ, त्यसैले मावली पनि सूचक भएर बालबालिकाको कागजात बनाउनुपर्छ भन्ने हाम्रो माग छ ।'

महिला, कानुन र विकास मञ्चले पनि लामो समयदेखि नागरिकताविहीनका लागि नागरिकता दिलाउन काम गर्दै आएको छ । 'ऐन, कानुनले व्यवस्था गरे पनि राज्यका निकायबीच समन्वय प्रभावकारी हुने गरेको छैन,' मञ्चमा नागरिकता विभागमै कार्यरत अधिवक्ता बिनु लामाले भनिन्, 'राज्यसँग नै यकीन तथ्यांक छैन, राज्यविहीन व्यक्तिहरूलाई नागरिकता दिलाउन निरन्तर वकालत गरिरहेका छौं ।'

उक्त संस्थाले एक हजार ५०० भन्दा बढीलाई नागरिकता दिलाउने काम गरेको छ भने २०० भन्दा बढी एकल महिलाका तर्फबाट अदालतमा मुद्दा दर्ता गरेर नागरिकता दिलाउने काम गरेको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा सडक मानवमुक्त गर्ने अभियान सञ्चालन भएको थियो । वर्तमान महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले पनि उक्त अभियानलाई निरन्तरता दिँदै सडक बालिकामुक्त हुने तरिकाले काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिएकी छन् ।

'सडक बालबालिका मुक्त घोषणा गर्ने गरी काम गरिरहेको छ, ७५३ वटै पालिकाबाट समन्वय गरेर अभिभावकविहीन बालबालिकालाई परिचयपत्र दिलाउने काम भइरहेको छ,' मन्त्री चौधरीले भनिन्, 'बालबालिका सडकमा हुनुहुँदैन, अभिभावकविहीन कोही बालबालिका हुनुहुँदैन ।'

नागरिकतासम्बन्धी ऐन २०६३ (पहिलो संशोधन, २०७९) जारी भएपछि जन्मसिद्ध आधारमा नागरिकता लिनेलाई सजिलो भएको छ । तर आमा वा बाबुमध्ये एक पनि नभएको अवस्था कानुनी पहिचान बनाउन अलि कठिनाइ छ । उक्त ऐन जारी भएपछि एकल महिलालाई सजिलो भए पनि सडक बालबालिकाका लागि पहिचान गर्ने व्यक्ति नहुँदा कठिनाइ छ ।

अभिभावकविहीन बालबालिका कति छन् भनेर सरकारसँग पनि यकीन विवरण छैन । गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रत्येक वर्ष वैशाख १ गतदेखि ७ गतेसम्म घटना दर्ता अभियान सञ्चालन गर्ने गरेको छ । 'कुनै पनि व्यक्तिले जन्म, मृत्यु, सम्बन्धविच्छेद, विवाह र बसाइँसराइ समयमै गराउने भनेर सचेतना जगाउने उद्देश्यले यो सप्ताह मनाउने गरिएको हो,' पञ्जीकरण शाखाका निर्देशक दिलकुमार तामाङले भने, 'सचेतना सप्ताह हो, वर्षौंभरि दर्ता गर्न खुल्ला हुन्छ ।'

यो अभियानका क्रममा वैशाख ७ गतेसम्म उक्त विभागमा जन्म १४ हजार, १६९, मृत्युसम्बन्धी दुई हजार ८४१, सम्बन्धविच्छेद ३१०, विवाह चार हजार १०६ र बसाइँसराइ एक हजार ८५० दर्ताका भएका छन् । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन-२०७६ मा अभिभावकविहीन बालबालिकाको वडाध्यक्ष सूचक बनेर पहिचान गर्न सकिन्छ भन्ने व्यवस्था गरेको भए पनि वडाध्यक्षलाई सडक बालबालिका हो भनेर पहिचान गरिदिने अर्को व्यक्ति चाहिने हुँदा व्यावहारिक कठिनाइ हुने गरेको छ ।

'सडक बालबालिका, अभिभावकविहीन बालबालिकालाई स्थानीय तहले नै पहिचान गर्ने कानुनी व्यवस्था छ,' निर्देशक तामाङले भने, 'स्थानीय तहको सिफारिसमा कानुनले दिएको व्यवस्थाअनुसार परिचयपत्र दिने हो ।' स्थानीय तहले सडक बालबालिका भएको कागज बनाएर ल्याउन भन्ने गरेको तर सडकको बालबालिकालाई सडकको हो भनेर सिफारिस गर्ने निकाय नहुँदा बालबालिका अझै पनि बेवारिस हुने गरेका छन् । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### वामपन्थी एकता ...

कांग्रेसको शक्ति विस्तार र रास्वपाको उदयको राजनीतिक परिघटना विवेचनायोग्य भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यससँगै एमालेले कांग्रेसको शक्ति विस्तार र रास्वपाको उदयको कारण जनतामा व्याप्त निराशा निर्वाचनमा प्रचार गरेर जनमत आफ्नो पक्षमा पारेको ठहर गरेको छ । यद्यपि, यी दुवै शक्तिसँग देशमा देखिएका तमाम समस्याको समाधान नभएको दाबी एमालेको छ ।

'असन्तुष्टिलाई एकातिर पपुलिज्म र अर्कोतिर दक्षिणपन्थी शक्तिले प्रयोग गर्न एक हदसम्म सफल भएको देखिन्छ,' एमालेको प्रतिवेदनमा छ, 'उनीहरूले यस्ता समस्यालाई उजागर र उपयोग गर्न त सक्छन् । तर उनीहरूसँग यसको समाधान भने छैन ।'

ओलीले गत स्थानीय, प्रदेश र प्रतिनिधिसभा चुनावमा एमालेले सहरी, युवा र प्रवासी मतदातालाई आकर्षित गर्न नसकेको निष्कर्ष पनि सुनाए । त्यसले एमाले निर्णायक शक्ति नबनेको र शक्ति सन्तुलनमा समस्या पैदा भएको पनि बताए ।

यस्तै, हिन्दू राष्ट्र र राजतन्त्रको पक्षमा उभिँदै आएको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) देशको वैकल्पिक शक्ति हुनै नसक्ने ओलीको ठोकुवा छ । राजनीतिक दिशा पनि राप्रपाको अस्पष्ट भएको ओलीले बताए । प्रतिवेदनमा भनिएको छ, 'सही दर्शन र विचारधारा नभएको, अर्थ-राजनीतिक दिशा स्पष्ट नभएको र आफ्नो स्वार्थका लागि अस्थिर र चलायमान रहने शक्तिहरू विकल्प हुन सक्दै सक्दैनन् ।'

विस्थापित भइसकेको राजतन्त्र फर्किने कुनै आधार नभएको ओलीको दाबी छ । उनका अनुसार राजतन्त्र जन्मजात श्रेष्ठतालाई बोक्ने, आफ्नै अयोग्यता, कमजोरीका कारण जनताबाट विस्थापित भएको हो । उनले ५ पुस २०७७ र ८ जेठ २०७८ मा गरेको संसद् विघटनलाई प्रतिगमनकारी कदम भनिएकोमा जनमतले झूठ सावित गरेको पनि दाबी गरे ।

'कम्युनिस्ट आन्दोलनलाई विभाजित गर्ने, वामपन्थी सरकार ढाल्ने र पुँजीपति वर्गको नेतृत्वमा सरकार बनाउन निर्णायक भूमिका खेल्ने दक्षिणपन्थी अवसरवाद निकै कमजोर भयो र जनमतबाट अस्वीकृत भयो,' ओलीले भने, 'हाम्रो पार्टीविरुद्ध प्रयोग गर्न खोजिएको कथित प्रतिगमनको भाष्य झूठो थियो, खण्डित भयो ।' एमालेले अब देशको निर्णायक शक्तिका लागि थप पाँच लाख सदस्य बनाउने जनाएको छ ।

■■■

### सुन्दैन सरकार...

तीमध्ये ३९ जनाले ज्यान गुमाएको अभियानको दाबी छ । प्रदर्शनकारीहरूले गृहमन्त्री लामिछानेलाई ज्ञापनपत्र पनि बुझाएका थिए ।

ज्ञापनपत्र बुझेपछि लामिछानेले रुसी सेनामा गएका नेपालीको समस्याबारे आफू पूर्ण जानकार रहेको भन्दै अन्तरदेशीय समन्वय प्रभावकारी नहुँदा जटिलता देखिएको तर नेपालीहरूलाई रुसदेखि फर्काइदिने आश्वासन दिएका थिए । 'यो समस्याबारे प्रधानमन्त्रीसँग पनि तत्काल समन्वय गर्छु, कसरी समस्या समाधान गर्न सकिन्छ, त्यो विषयमा छलफल गर्छौं,' गृहमन्त्री लामिछानेले भनेका थिए, 'रुसी सेनामा रहेका नेपालीहरूलाई फर्काइदिने भन्दै असुली गर्नेलाई पनि कानुनी दायरामा ल्याउँछौं ।'

तर, लामिछानेले हालसम्म परिणाम देखिनेगरी केही पनि कदम नचालेपछि प्रदर्शनकारीहरू अनसनमा बस्न थालेका हुन् । यसअघि गत चैत ८ गते अर्थमन्त्री वर्षमान पुनले नेपालको परराष्ट्र नीतिविपरीत रुसी सेनाले नेपालीको भर्ती गरेको भन्दै उनीहरूलाई स्वदेश फिर्ता गर्न रुसलाई आग्रह गरेका थिए । रुसी राजदूत अलेक्सेई ए नोभिकोभलाई उनले भर्ती भएकालाई नेपाल फिर्ता, घाइतेको उपचार, मृत्यु भएका नेपालीको शव नेपाल फिर्ता ल्याउन आग्रह गरेका थिए ।

त्यसबेला रुसी राजदूतले रुस सरकारले आह्वान गरेर नेपालीको भर्ती नभएको जिकिर गर्दै सेनामा रहेका नेपाली स्वदेश फिर्ता आउन नचाहेको जवाफ दिएका थिए । अहिलेसम्म केही जोखिम मोलेर भाग्दै नेपाल आएकाबाहेक सरकारी तहबाट एकजना पनि नेपालीको उद्धार भएको छैन । यसप्रति रुसी सेनामा रहेका नेपालीका आफन्तहरू आक्रोशित छन् ।


## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०१/०९**

कात्तिके ठूलोचौर सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई रामप्रसादराई ५ बेहरेवोभानमा घाटगढी गरि राखिएको खयर जातको पलाँस सहितको १५०३.०८ क्यू फीट काठ जे, जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएको यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, बटुवा भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कात्तिके ठूलोचौर सा.व.उ.स.**
**रामप्रसादराई गा.पा. वडा नं. ५, डढुवा, भोजपुर**
**फोन नं. ९८४२१५५३१८**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/०९ गते)

सिद्दी बहादुर प्रधानको नाती, बिष्णु प्रधानको छोरा, ओम प्रसाद प्रधान जिल्ला काठमाण्डौ उ.मा.न.पा .वडा नं ७ घर भई हाल जिल्ला काठमाण्डौ उ.मा.न.पा वडा नं ७ बस्ने ओम प्रसाद प्रधानको मिति २०७९/१२/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चावहिल शाखामा रहेको बचत खाता ०१९००१२६६१८०००११ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमती शारदा प्रधानले यस बैंक शाखा चावहिल मा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चावहिल, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय चावहिल, काठमाडौं फोन नं. ०१-४५९०९७८/४५७४२९९**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०१/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०७ को १५०३.१८ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गिता सामुदायिक वन उपभोक्ता समुह**
**बागमती-२, मकवानपुर**

## हुलास स्टील इण्डष्ट्रीज लिमिटेडको विशेष साधारण सभा बस्ने सूचना

मिति २०८१।०१।०६ (तदनुसार १८ अप्रिल २०२४) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।


**विशेष साधारण सभा हुने :**
मिति : २०८१ बैशाख २४ गते (६ मे २०२४), सोमबार
समय : अपरान्ह १२:३० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गोल्छा हाउस, गणबहाल, काठमाण्डौं
(भर्चुवल माध्यमबाट पनि सामेल हुन सकिने)

**छलफलका विषयहरु:**
**सामान्य प्रस्तावहरु**
१. संस्थागत शेयरधनीहरुका तर्फबाट नियुक्त/मनोनित संचालकहरुको नाम स्वीकृत/अनुमोदन गर्ने ।
२. संस्थागत बाहेकका अन्य शेयरधनीहरुका तर्फबाट संचालकको छनोट/नियुक्ती गर्ने ।
३. संचालकहरुको पारिश्रमिक निर्धारण गर्ने ।
४. विविध ।

**नोट :** विशेष साधारण सभाको प्रयोजनका लागि कम्पनीको शेयरदर्ता किताब २०८१ बैशाख १८ गते एक दिनका लागि बन्द हुने छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

वैशाख ९ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **वृष** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **मिथुन** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| **कर्कट** | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| **सिंह** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **कन्या** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| **तुला** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **वृश्चिक** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **धनु** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| **मकर** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **कुम्भ** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **मीन** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ९ गते, २०८१, २१ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



नेपाली सेनाको आयोजनामा शुक्रबार सैनिक पुनर्स्थापना केन्द्र भण्डारखालमा सञ्चालित 'प्रथम प्रधानसेनापति ह्वीलचियर बास्केटवल प्रतियोगिता'मा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै फरक क्षमता भएका खेलाडीहरू । *तस्बिरः अच्युत रेग्मी/रासस*

# 'रोडसाइड रोलकल' सडक संवादमा काठमाडौं प्रहरी

**काठमाडौं (प्रस)–** जिल्ला प्रहरी परिसर काठमाडौंले 'रोडसाइड रोलकल' सडक संवाद कार्यक्रमको सुरुआत गरेको छ । शुक्रबार स्वयम्भूस्थित महाचैत्य प्रांगणबाट कार्यक्रम सुरु गरिएको हो ।

राज्यको सेवा प्रवाहको पहुँचमा नपुगेका, उपेक्षित समुदायसँग प्रहरीले अन्तरसंवाद गर्ने, आपसी विश्वास बलियो बनाई उनीहरूबाट भइरहेका वा हुनसक्ने गैरकानुनी तथा आपराधिक घटनामा कमी ल्याउने उद्देश्यले उक्त संवाद आयोजना गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए ।

उनले भने, 'आफ्नो, पेसा, व्यवसायमा व्यस्त हुने, जो प्रहरी कार्यालयसम्म आफ्ना गुनासाहरू लिएर आउन सक्नुहुन्न उनहरूलाई लक्षित गरी यो संवाद आयोजना गरिएको हो, नागरिकलाई परेका समस्यामा हामी समाधानका लागि अग्रसर हुने छौं ।'

प्रहरी परिसर काठमाडौंको क्षेत्रभित्र लक्षित समूहलाई पायक पर्ने स्थानमा छ चरणमा संवाद गरिने प्रमुख खत्रीले बताए । शुक्रबार स्वयम्भूस्थित महाचैत्य प्रांगणमा भएको सडक संवादमा उपस्थित लक्षित वर्गका सहभागीले आफ्ना समस्या खुलेर राखेका थिए । कतिपयले आफूहरूमाथि कुटपिट हुने, लुटपाटका घटना हुने र प्रहरीलाई खबर गर्दा पनि पक्राउ नपरेको दुखेसो सुनाएका थिए ।

नेपालको संविधानले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, सीमान्तकृत तथा राज्यको पहुँचबाहिरका समुदायलाई विशेष प्राथमिकतामा राखी सेवा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ । सोहीअनुसारका लक्षित वर्गलाई केन्द्रित गरी रोडसाइड रोलकल सडक संवाद सुरु गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले बताए । उनले भने, 'उनहरूको गुनासो, पीरमर्का र समस्याको सुनुवाइ गर्दै सामाजिकीकरणको मूल प्रवाहमा ल्याउन जरुरी छ ।'

कार्यक्रमका सहभागीले उठाएका प्रश्नको जवाफ दिँदै जिल्ला प्रहरी परिसर प्रमुख खत्रीले राज्यले प्रदान गरेको अभिभारा पूरा गर्न नेपाल प्रहरी संगठनले व्यावसायिक निष्ठाका साथ अधिकतम प्रयास गर्दै आएको बताए । प्रहरीले अपेक्षित सफलता प्राप्त गर्दै आइरहेको समेत उनको भनाइ थियो । उनले भने, 'समुदायका सदस्यहरूबाट सामाजिक सचेतना एवं कानुनी ज्ञानको अभावमा जान/अञ्जानबाट हुन सक्ने आपराधिक कार्यलाई घटाउन सके समग्र काठमाडौं जिल्लाको शान्ति सु-व्यवस्था सुदृढ हुने देखिन्छ ।'

# हिमाल हेर्न नेपाल आएका पिटर शैक्षिक उन्नयनमा सक्रिय

**म्याग्दी (बेनी)–** अस्ट्रेलियाका पिटर जेटी हल सन् १९९३ मा पहिलोपटक भ्रमणको सिलसिलामा म्याग्दी आएका थिए । ट्रेकिङ पर्यटकका रूपमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ को पर्यटकीयस्थल खोप्रा-खयर क्षेत्रको भ्रमणमा आएका पिटर अहिले सामुदायिक विद्यालयको शैक्षिक उन्नयनमा सक्रिय छन् ।



नेपालको पहिलो भ्रमणका क्रममा खोप्रा-खयर क्षेत्रमा पुगेका पिटर यहाँको प्राकृतिक सौन्दयर्ताले लोभिए । भ्रमण सकेर स्वदेश फर्किएपछि पिटरको समूह सन् १९९८ मा पुनः सोही क्षेत्रको भ्रमणमा निस्किए । दोस्रोपटकको भ्रमणमा पिटरको समूहले खोप्रा-खयर क्षेत्रको पदयात्रा मात्रै गरेनन्, उनीहरूले यसै पदमार्गमा पर्ने पाउद्वार गाउँमा पुगेर गाउँको अवस्था र समस्यासँग अन्तरघुलन हुने प्रयास गरेका थिए ।

'पहिलोपटक हामी हिमाल हेर्न नेपाल आएका थियौं, दोस्रोपटक हामी यहाँको लालीगुराँस हेर्न आयौं, त्यस बखत हामीले यहाँको जनजीवन र अवस्थासमेत बुझ्न पायौं, यहाँका स्थानीयसँग भेट भएपछि हामी समुदायको अगुवाइमा शैक्षिक सुधारमा जोडिन पुगेका हौं,' पिटरले भने । हिमाल र गुराँसलाई नजिकबाट हेर्न डाँडाकाँडामा घुम्न नेपाल आएका पिटर यसबीचमा १९ पटक नेपाल आएका छन् ।

सन् २००१ मा तेस्रोपटक पिटर दम्पती नेपाल भ्रमणको सिलसिलामा पुनःपाउद्वार गाउँमा पुगेको थियो । यसपटक पिटरको भ्रमण पाउद्वार गाउँको शैक्षिक सुधारमा योगदान गर्ने उद्देश्यमा केन्द्रित थियो । पिटर दम्पतीलाई स्थानीय पाउद्वार माविमा भव्य स्वागत भयो । गाउँलेको अगुवाइमा सञ्चालन भएको पाउद्वार माविसहित यस क्षेत्रका सामुदायिक विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधारमा पिटरको चासो र ध्यान केन्द्रित भयो ।

चौथोपटक सन् २००८ मा नेपाल आएका पिटरले ग्रामीण भेगका विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षण सिकाइ र शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धमा शिक्षकलाई तालिम दिने योजना अघि सारे । तत्कालीन शिख गाविसअन्तर्गतका विभिन्न छ वटा विद्यालयका शिक्षकलाई पिटरले व्यक्तिगतरूपमा आर्थिक सहयोग गरेर रिड नेपालमार्फत तालिम दिन सुरु गरेका थिए ।

सुरुआतका वर्षहरूमा व्यक्तिगतरूपमा आर्थिक सहयोग गर्दै आएका पिटरले पछिल्लो एक दशकयता भने संस्थागतरूपमा आर्थिक सहयोग गर्दै आएका छन् । तत्कालीन पाउद्वार माविका शिक्षकसमेत रहेका कृष्ण तिलिजाको नेतृत्वमा नेपालमा समृद्ध ग्रामीण नेपालका लागि शैक्षिक उन्नयन (लर्न) संस्था र अस्ट्रेलियामा पिटरको नेतृत्वमा क्वालिटी एजुकेसन संस्था दर्ता गरेर सहयोगलाई व्यवस्थित र पारदर्शी तथा शिक्षक तालिमलाई प्रभावकारी बनाउन थालिएको छ ।

लर्न र क्वालिटी एजुकेसनको साझेदारीमा तत्कालीन शिख गाविसका विद्यालयमा सुरु गरिएको शिक्षक तालिम अहिले म्याग्दीका तीनवटा स्थानीय तहमा विस्तार भएको छ । अन्नपूर्ण गाउँपालिकाका सबै विद्यालयमा कार्यरत शिक्षकलाई आधारभूत तथा स्तरीय शिक्षण सिकाइ सम्बन्धमा तालिम प्रदान गरिसकेको यस अभियानअन्तर्गत रघुगंगा र धवलागिरि गाउँपालिकाको साझेदारीमासमेत शिक्षक तालिमलाई कार्यान्वनयमा ल्याइएको लर्नका निर्देशक कृष्ण तिलिजाले बताए ।

'अभियान्ता पिटरको नेतृत्वमा क्वालिटी एजुकेसनमार्फत हामीलाई वार्षिकरूपमा ७० देखि ७५ लाख रूपैयाँ बराबरको सहयोग आउँछ, हामीले यहाँ स्थानीय तहसँग साझेदारी गरेर शिक्षकलाई तालिम प्रदान गर्छौं, हामीले प्रदान गर्ने तालिमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा रचनात्मक सहयोग पुग्ने गरेको छ, आगामी वर्षमा म्याग्दीका थप पालिकाहरूमा शिक्षक तालिमको अभियानलाई जोड्ने जमर्को गरेका छौं,' तिलिजाले भने ।

नेपालको हिमाललाई नजिकबाट नियाल्न भ्रमणमा आएका पिटरले यहाँको अवस्थालाई बुझेर शैक्षिक उन्नयनमा पुर्‍याएको योगदान प्रशंसनीय रहेको उनले बताए । लर्न र क्वालिटी एजुकेसनसँग गाउँपालिकाले साझेदारीमा शिक्षकहरूलाई कक्षाकोठामा शैक्षिक सामग्री निर्माण, प्रयोग, कक्षाकोठा व्यवस्थापन, विषयगत शिक्षण सिकाइ तथा सिर्जनात्मक कलालगायत विषयमा तालिम प्रदान भएपछि सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा महत्त्वपूर्ण उपलब्धि भएको रघुगंगा गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।

'गाउँपालिकाभित्रका सबै विद्यालयका शिक्षक कर्मचारीलाई छुट्टाछुट्टै ठाउँमा तालिम दिएका छौं, यो तालिमले शिक्षकलाई सिर्जनात्मक बनाउन र कक्षाकोठालाई शैक्षिक सामग्रीयुक्त बनाउन सहयोग गरेको पाएका छौं,' अध्यक्ष भण्डारीले भने । लर्न र क्वालिटी एजुकेसनले शिक्षक तालिमसँगै सामुदायिक विद्यालयहरूमा आधुनिक कम्प्युटर प्रयोगशालासमेत स्थापना गर्न थालेको छ ।

क्वालिटी एजुकेसन नेपाल, अस्ट्रेलिया र एजुटेक नेपाल, न्युजिल्याण्डको आर्थिक सहयोगमा लर्नले विद्यालयहरूमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना गर्न थालेको हो । यस वर्ष जिल्लाको रघुगगा-३ मौवाफाँटको ज्ञानोदय मावि, अन्नपूर्ण-४ नारच्याङको प्रभा मावि र धवलागिरि-४ मुदीको बुद्धिविकास माविमा २०/२० वटा कम्प्युटरको व्यवस्थापन गरेर सर्भर प्रणाली जडान भएको साथै कम्प्युटर कक्ष र प्रयोगशाला सञ्चालनमा ल्याइएको छ । *रासस*

# कार्यालय समयमा कार्यकक्षमा नभेटिए कारबाही

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मी र कर्मचारीलाई कार्यालयमा हाजिर गर्ने तर कार्यकक्षमा नभेटिने गरिएकाले त्यस्तालाई कारबाही गर्ने चेतावनी दिएको छ ।

मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले मन्त्रालयअन्तर्गत प्रतिष्ठान, विभाग, अस्पताल र केन्द्रलाई निर्देशन जारी गर्दै कार्यालय समयमा उपस्थित नहुनेलाई कारबाही गर्ने जनाएका हुन् । उनले अबदेखि कार्यालयमा समयमा नभेटिने चिकित्सक, कर्मचारी र स्वास्थ्यकर्मीलाई कानुनबमोजिम कारबाही गर्ने बताए ।

स्वास्थ्यसचिव बुर्लाकोटीले जारी गरेको निर्देशनमा स्वास्थ्य सेवा विभागलगायतका निकायमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरू हाजिरी हेर्दा कार्यालयमा हाजिर भएको देखिने तर कार्यकक्षमा खोज्दा फेला पार्न नसकिने पाइएकाले सेवाग्राहीले सेवा पाउन नसकेको गुनासो प्राप्त भएको उल्लेख छ ।

'यसरी कार्यालय समयमा आफ्नो कार्यकक्षमा उपस्थिति नहुनु प्रचलित कानुन, नैतिकता, वैयक्तिक आचरण एवं विधिको प्रतिकूल हुने हुँदा सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारी संयमित रही आफ्नो पदीय मर्यादा, आचारण र अनुशासन एवं विधिको पालना गर्नुहुन निर्देशन दिइएको छ,' निर्देशनमा भनिएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MMH SECURITY SERVICES

पूर्व स्वीकृति मितिः २०८१/०१/०८ | LT. No. 303674 | चलानी नं. ६०२१८४०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1200 | ४३,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यलय काठमाडौंमा मितिः २०८१ वैशाख १६र १७ गते (28, 29th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न .१२४५/०७३/०७४

**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/०७ | LT. No. 303614 | चलानी नं. ६०२१८३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,९४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यलय काठमाडौंमा मितिः २०८१ वैशाख १६ गते (28th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONNECT RESOURCES

पूर्व स्वीकृति मितिः २०८१/०१/०७ | LT. No. 303522 | चलानी नं. ६०२१८३९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 40 | 0 | 1282 | ४६,५१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 40 | 0 | 1219 | ४४,२३३ | | | | | | | |
| 3 | Cleaner | 30 | 0 | 1155 | ४१,९११ | | | | | | | |
| 4 | DOMESTIC ELECTRICIANS | 35 | 0 | 1282 | ४६,५१९ | | | | | | | |
| 5 | Industrial Electrician | 30 | 0 | 1440 | ५२,२५३ | | | | | | | |
| 6 | MESSENGER | 30 | 0 | 1282 | ४३,५१९ | | | | | | | |
| 7 | STEEL FIXER | 40 | 0 | 1219 | ४४,२३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यलय काठमाडौंमा मितिः २०८१ वैशाख १६ गते (28th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, yovant1652@gmail.com



## राष्ट्रिय किताबखाना (शिक्षक)

म्यूजियम मार्ग छाउनी काठमाडौं

**STRO/SQ/01/2080-081 Supply, Delivery and Installation of Server, र STRO/SQ/02/2080-081 License Of OS Virtualization Backup खरिद सम्बन्धी बोलपत्र आहवानको सूचना**

दोस्रोपटक प्रकाशित मिति : २०८१।०१।०९

यस कार्यालयको लागि तपशिलमा उल्लेखित कम्प्युटर सफ्टवेर सम्बन्धी सामान खरिद गर्नु पर्ने भएकोले शिलवन्दी दरभाउपत्र आहवान गरिएको छ । आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्मले शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नको लागि रु. १,०००.०० (एक हजार मात्र) को नगदी रसिद पश्चात दरभाउपत्र फारम प्राप्त गर्न सकिने छ । साथै धरौटी रकमको लागि राष्ट्रिय वाणिज्य बैक को खाता नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा बैक ग्यारेन्टी पेश गर्नु पर्नेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी तथा प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल

| शिलवन्दी दरभाउपत्र | सामानको नाम | संख्या | धरौटी रकम | फारमको अन्तिम विक्री मिति र समय | फारम दर्ता गर्ने अन्तिम मिति र समय | फाराम खोल्ने समय |
|---|---|---|---|---|---|---|
| STRO/SQ/01/ 2080-081 | Supply, Delivery and Installation of Server | २ | ४५,०००.०० | २०८१/०१/२३ गते ५ बजेसम्म | २०८१/०१/२४ गते दिउँसो १२ बजेसम्म | २०८१/०१/२४ गते २ बजे |
| STRO/SQ/02/ 2080-081 | License Of OS Virtualization Backup | १ | ३७,५००.०० | २०८१/०१/२३ गते ५ बजेसम्म | २०८१/०१/२४ गते दिउँसो १२ बजेसम्म | २०८१/०१/२४ गते २ बजे |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# द्रुतमार्ग निर्माणको गति बढाऊ

नेपाली सेनाले निर्माण गरिरहेको काठमाडौं–तराई–मधेस द्रुतमार्गको प्रगतिलाई लिएर बारम्बर प्रश्न उठ्ने गरेको छ। राष्ट्रिय गौरवको यो आयोजना उच्च प्राथमिकताका साथ अगाडि बढाइएको भए पनि सुस्त गतिका कारण समयमा काम सकिनेमा आशंका छ। नेपाली सेनाले विभिन्न समस्या देखाउँदै उल्टै नीति निर्माताहरूतिर प्रश्न सोझ्याउने गरेको छ। सांसदहरूले द्रुतमार्ग निर्माण कार्यमा भइरहेको सुस्ततावारे प्रश्न उठाउँदा सेनाले 'तपाईंहरूले नै बनाएको नियम कानुनका कारण ढिला भएको हो' भन्ने जवाफ सेनाले केही समयअघि संसदीय समिति बैठकमा दिएको थियो।

सेनाको यो जवाफ केही हदसम्म सही हुनसक्छ। कतिपय कानुनी झण्झटका कारण ठूला आयोजनाहरूको काममा अवरोध सिर्जना भएका यथार्थ हामीमाझ छ। त्यस्ता कानुन संशोधन गरी सहजीकरण गर्न आवश्यक छ। तर, कामको जिम्मा लिएको सेनाले त्यसरी दोष लगाएर मात्रै पन्छिन भने मिल्दैन। जिम्मेवारी लिएको काम तोकिएकै समयमा पूरा गर्नुको विकल्प छैन। त्यसैले सरोकारवाला सबैपक्षबीच समन्वय र सहकार्य प्रमुख आवश्यकता हो।

करिब ७१ किलोमिटर दूरीको द्रूतमार्गको हालसम्म ३३ प्रतिशत भौतिक र वितीय प्रगति हासिल भएको सेनाले शुक्रबार प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा  जानकारी दिइयो। निर्माणलाई १३ समूहमा विभाजन गरी आयोजना अघि बढाइएकामा प्रस्थान विन्दुक्षेत्र खोकनाबाहेक अरू क्षेत्रको काम भकाभक अघि बढिरहेको जानकारी दिइयो। त्यस मार्गमा बनाइनुपर्ने छ वटा सुरुङमध्ये तीन वटाको निर्माण समग्रमा ७६ प्रतिशत प्रगति हासिल भएको बताइयो।

आयोजनाका लागि हालसम्म ३० हजार ५९१ रुख कटान गरिएकामा एक रुख बराबर २५ कादरले पाँच लाख विरुवा रोपेर हुर्काउने कामसमेत भइरहेको सेनाको भनाइ छ। केही रुख कटान, केही जग्गा अधिग्रहण, मुआब्जा वितरणलगायतका समस्या भने सुल्झाउन बाँकी नै रहेको जानकारी दिइयो। नेपाली सेनाका सहायकरथी विकास पोखरेलले द्रुतमार्गका लागि  अधिग्रहण गर्नुपर्ने १५ हजार ४१६ रोपनी जग्गामध्ये ३९२ बाँकी नै रहेको तथा प्रस्थान बिन्दुमा देखिएको समस्या सुल्झाउन विभिन्न छ विकल्पमा अध्ययन भइरहेको जानकारी दिए।

करिब दुई खर्ब ११ अर्ब ९४ करोड रूपैयाँको लागतमा अघि बढिरहेको द्रुतमार्गमा हालसम्म ५७ अर्ब रूपैयाँ खर्च भइसकेको जानकारी दिइयो। २०७४ जेठमा शिलान्यास भई २०७६ असोजबाट कार्य प्रभारम्भ भएको यस आयोजना आगामी २०८३ चैतसम्ममा निर्माण पूरा गर्ने लक्ष्य रहेको छ। अहिलेकै गतिमा काम हुँदा उक्त लक्ष्य भेटिन मुस्किल देखिन्छ। त्यसैले समयमा आयोजना पूरा गर्ने वातावरण निर्माणमा सरकार, नेपाली सेना र सरोकारवाला सबै जिम्मेवार बन्नुको विकल्प छैन।

# आर्थिक विकासमा दक्षिण कोरियाको सुत्र



पार्क थेयङ

प्रत्यक्ष वैदेशिक लगानीबाट राष्ट्रिय अर्थतन्त्र र उद्योगले सकारात्मक लाभ लिन सकिन्छ भन्ने कोरियाको अनुभव रहेको छ। त्यसैगरी हामीले एफडिआईमार्फत आन्तरिक रूपमा लगानी स्रोतको अभावबाट छुटकारा पायौं र आन्तरिक बजारमा यथेष्ट रोजगारी सिर्जना गर्न सफल भयौं। गत सेप्टेम्बरमा प्रकाशित एक अध्ययनको तथ्यांकअनुसार कोरियामा विगत १० वर्षमा प्रत्यक्ष वैदेशिक लगानीमार्फत दुई लाख ९५ हजार रोजगारी सिर्जना भएको देखाएको छ।

नेपालमा आगामी वैशाख १६ र १७ (अप्रिल २८ र २९ गते) का काठमाडौंमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलनले नेपालको आर्थिक-सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने छ भन्ने लागेको छ। मैले नेपालका राजनीति, अर्थ सरोकारवालासँग भलाकुसारी गर्दा कोरियाको आर्थिक विकासको रहस्य के हो भनेर जिज्ञासा धेरै पटक पाएको छु। कोरिया विकासका विविध पक्षहरूमध्ये एक प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि सरकारले चालेको सकारात्मक कदम र लगानीको सही सदुपयोग हो भन्ने लाग्छ।

शास्त्रीय अर्थशास्त्रलाई नियाल्ने हो भने उत्पादनका आधारभूत पक्षका रूपमा श्रम, पुँजी र भूमिलाई लिने गरिएको छ। कोरियाको आर्थिक विकासको क्रममा पर्याप्त लगानी गर्ने पुँजी थिएन र जुटाउन सजिलो पनि थिएन। सरकारले पुँजी जुटाउनका लागि वैदेशिक ऋण तथा प्रत्यक्ष विदेशी लगानी (एफडिआई) आकर्षित गर्ने प्रयासलाई निरन्तरता दिँदै आएको छ। श्रम र भूमि भने हामीलाई उपलब्ध थियो।

कोरियाले देशको आर्थिक विकासको क्रममा प्रत्यक्ष वैदेशिक लगानीका विभिन्न फाइदाको बारेमा लामो अनुभव गरिसकेको छ। त्यसैले आजका दिनमा पनि केन्द्र र स्थानीय सरकारले वैदेशिक लगानी आकर्षित गर्नका लागि विभिन्न सुविधा तथा प्रोत्साहनलाई निरन्तरता दिएको छ।

### एफडिआईका फाइदाहरू

कोरियाको अनुभव साट्नु पर्दा प्रत्यक्ष वैदेशिक लगानीबाट राष्ट्रिय अर्थतन्त्र र उद्योगले सकारात्मक लाभ लिन सकिन्छ भन्ने रहेको छ। त्यसैगरी हामीले एफडिआईमार्फत आन्तरिक रूपमा लगानी स्रोतको अभावबाट छुटकारा पायौं र आन्तरिक बजारमा यथेष्ट रोजगारी सिर्जना गर्न सफल भयौं। गत सेप्टेम्बरमा प्रकाशित एक अध्ययनको तथ्यांकअनुसार कोरियामा विगत १० वर्षमा प्रत्यक्ष वैदेशिक लगानीमार्फत दुई लाख ९५ हजार रोजगारी सिर्जना भएको देखाएको छ। रोजगारी सिर्जनालाई सर्वोत्कृष्ट सामाजिक कल्यणकारी नीति मानिन्छ। रोजगारीले आर्थिक तथा सामाजिक रूपमा पनि सकारात्मक भूमिका खेल्न सक्छ। एफडिआईले देशको आर्थिक विकासलाई उत्प्रेरित गर्न, उद्योग स्थापना तथा लगानी वातावरण सिर्जना गर्न र स्थानीय समुदाय र अर्थतन्त्रलाई चलायमान बनाउन सक्दछ। एफडिआईले स्थानीयको आम्दानी र क्रयशक्तिमा वृद्धि हुन गई देशको समग्र आर्थिक वृद्धिको नेतृत्व गर्न सक्दछ।

अर्को पक्ष, वैदेशिक लगानीमा स्थापित कम्पनीहरूको प्रविधि र ज्ञान लगानी गरेको मुलुकमा हस्तान्तरण हुनुका साथै प्राविधिक जनशक्ति उत्पादनमा पनि सकारात्मक भूमिका खेल्दछ। दक्षिण कोरियाको सन्दर्भमा वैदेशिक लगानी रहेका उद्योगहरूमध्ये प्रविधि हस्तान्तरण भएका धेरै उद्योगहरू आज विश्वव्यापी रूपमा उदाएका प्रशस्त उदाहरणहरू छन्।

अन्य मुलुकमा व्यापार गर्नका लागि वैदेशिक लागनीमा सञ्चालन भएका उद्योगसँग आफ्नो देशको बारेमा आवश्यक जानकारी हुने भएकोले व्यापार लक्ष सुनिश्चित गर्न अन्तर्राष्ट्रिय रूपमा ख्याती कमाएका उद्योग तथा लगानीको उपस्थितिले सकारात्मक भूमिका खेल्दछ। प्रत्यक्ष वैदेशिक लगानीमार्फत अन्तर्राष्ट्रिय व्यापार सम्भव हुन सक्दछ। एफडिआईले निर्यात विस्तारमा सकारात्मक प्रभाव पार्दछ र घरेलु बजारमा एकाधिकारको सट्टा प्रतिस्पर्धामा आधारित बजार निर्माण भई उपभोक्तासम्म सहज पहुँच पुग्दछ। त्यसैगरी एफडिआईमार्फत उपलब्ध भएका सुविधा र उपकरणले लक्षित देशमा श्रमशक्तिको उत्पादकत्व बढाउन टेवा पुग्दछ।

### विदेशीको नजरमा नेपालमा एफडिआईको सम्भावना

विदेशीको नजरमा नेपाली अर्थतन्त्रलाई नियाल्दा, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्नका लागि सम्भावना तथा कमजोरी दुवैपक्ष रहेका छन्।

तुलनात्मक रूपमा प्रतिस्पर्धी श्रमबजार, ऊर्जा क्षेत्रमा ठूलो लगानीको सम्भावना, हिमालय तथा विविधताले भरिएको सांस्कृतिक सम्पदालगायत प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने नेपालको प्रचुर सम्भावनका बारेमा सबैले मनन गरेकै विषय हुन्। नेपालमा एफडिआईको आकर्षण बढाउन लगानी प्रक्रियामा सरलीकरण गर्नु पर्दछ। पर्याप्त दक्ष जनशक्ति उपलब्ध गराउनु र लगानी गर्ने कम्पनीहरूलाई स्वदेशी कम्पनीसरह समान व्यवहार आवश्यक देखिन्छ। यस क्षेत्रको सुधारका लागि नेपाल सरकारले दृढ इच्छाशक्तिका साथ सम्बन्धित कानुन निर्माण चरणमा रहेको भन्ने विषय समय सान्दर्भिक रहेको छ।

नेपालमा रहेका विभिन्न देशका कूटनीतिक नियोगका पदाधिकारीमार्फत नेपालमा वैदेशिक लगानीका लागि अनुकूल वातावरण रहेको छ र नीतिगत हिसाबले पनि सहज वातावरण रहेको छ भन्ने बारेमा सम्बन्धित मुलुकहरूमा जानकारी गराउने पक्ष अपरिहार्य छ। लगानीकर्ताको प्रमुख चासो भनेको सहज रूपमा लगानी गर्ने र मुनाफा आर्जन गर्ने र उक्त मुनाफा आफ्नो देशमा सहज रूपमा लैजान सक्ने विषय प्राथमिकतामा राखेका हुन्छन्। त्यसैगरी भइपरी आउने समस्या समाधानका लागि सरकारी पक्षले अभिभावकको भूमिका खेलोस् भन्ने रहन्छ। अन्य विषयमा वैदेशिक लगानी भित्र्याउनका लागि महसुल छुटलगायतका सुविधाहरू उपलब्ध हुने विषयले पनि सकारात्मक भूमिका खेल्दछ। भिसा  प्रणालीको सहजीकरण, सुरुआती चरणमा कर छुटलगायतका विषयले पनि लगानीयोग्य वातावरण बनाउन मद्दत गर्दछ भन्ने लाग्छ।

### कोरियाली कम्पनीको नेपालमा लगानी

कोरियाली कम्पनीहरूले नेपालमा आर्थिक लगानी सम्भाव्यताका बारेमा नजिकबाट नियालिरहेका छन्। केही कम्पनीले नेपालमा लगानी गरी सफल रूपमा व्यवसाय सञ्चालन गरेका उदाहरणहरू रहेका छन्।

उदाहरणका लागि, कोरियाली ग्लोबल कम्पनी सामसुङ इलेक्ट्रोनिक्सले नेपालको गोल्छा अर्गनाइजेसनसँगको संयुक्त लगानीमा गत वर्ष अप्रिलदेखि अत्याधुनिक टिभी एसेम्बली प्लान्ट सञ्चालन गर्दै आएको छ। हुन्डाई मोटर्स कम्पनीले नेपालको एक स्थानीय कम्पनीसँगको साझेदारीमा नवलपरासी जिल्लामा अटोमोबाइल एसेम्बली प्लान्ट पनि स्थापना गरेर यही वर्ष मे महिनामा व्यावसायिक उत्पादन सुरु गर्ने योजना रहेको छ। नेपालमा जलविद्युत् उत्पादन क्षेत्रमा कोरियाको साउथ-इस्ट पावर कम्पनीले विश्वव्यापी वित्तीय संस्थासमेतको साझेदारीमा ६५० मिलियन अमेरिकी डलर लगानी जुटाएर रसुवा जिल्लामा युटी-१, २१६ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण चरणमा रहेको छ। यस आयोजनाले सन् २०२७ मा विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ।

ठूला वैदेशिक लगानीको जति महत्त्व रहेको छ त्यति नै महत्त्व मझौला उद्योगहरूको लगानी पनि आवश्यक पर्दछ। नेपालका सन्दर्भमा कोरियाली साना तथा मझौला कम्पनीको लगानी पनि सक्रिय रहेको जानकारी गराउँदछु। रोजगारी सिर्जनाको सन्दर्भमा, साना तथा मझौला उद्योगहरूको भूमिका प्रभावकारी रहेको बारेमा स्मरण गराउन चाहन्छु। उदाहरणका लागि, नक्कली कपाल बनाउने  प्रसिद्ध कोरियाली कम्पनी हाइमोले काठमाडौंमा मन्डुमो नामक स्थानीय कम्पनीमा सतप्रतिशत लगानी गरेको छ। उक्त कम्पनीमा ६५० जनाभन्दा बढी स्थानीय महिला कामदारलाई तालिम दिएर नक्कली कपाल उत्पादन गरी उत्पादित सबै सामान कोरिया र जापानमा निर्यात गरिरहेको छ।

हालै प्रकाशित नेपाल सरकारको वैदेशिक लगानी योजना प्रतिवेदनको आधिकारिक तथ्यांकअनुसार गत वर्षको जुलाईदेखि यो वर्ष मार्चसम्म आठ महिनामा कोरियाली कम्पनीहरूले नेपालमा सबैभन्दा बढी लगानी योजनाबारे जानकारी सार्वजनिक भएको छ। उक्त अवधिमा कोरियाली लगानीकर्ताको तर्फबाट १२ अर्ब आठ करोड रूपैयाँको लगानी योजना सार्वजनिक भएको छ। नेपालमा वैदेशिक लगानी गर्ने मुलुकहरूमध्ये कोरिया लगानीको शीर्ष पाँच स्थानभित्र पर्दै आएको छ। नेपालमा लगानी गर्न कोरियाली कम्पनीहरूको चासो निरन्तर बढिरहेको आधारको रूपमा लिन सकिन्छ।

### अन्त्यमा,

कोरिया र नेपालबीच सन १९७४ मा कूटनीतिक सम्बन्ध स्थापना भई दुई देशबीच अत्यन्त सुमधुर सम्बन्ध रहिआएको छ। हामी हाम्रो विकासको अनुभव साट्दै, कोरियाले भोगेका अप्ठ्यारा अवस्था नेपालले भोग्न नपरोस् भन्नेमासमेत सचेत रहेका छौं। रोजगारीको महत्त्व बुझेर नै सन् २००७ मा दुई देशका सरकारबीच श्रम सम्झौता गरेर सरकारको सहभागितामा नेपाली श्रमिकहरूलाई कोरियामा रोजगारीको अवसर प्रदान गर्दै आएका छौं। एक लाखभन्दा बढी नेपालीले कोरियामा रोजगारको अनुभव गरिसकेका छन्। त्यसैगरी कोरियाली कम्पनीहरूले नेपालमा लगानी बढाउँदै गएको स्मरण गराउन चाहन्छु।

नेपालमा सञ्चालन भएका कोरियाली लगानीका कम्पनीहरूमा हजारौं नेपालीहरूले रोजगारीको अवसर प्राप्त गरेका छन्। यही वर्ष सन् २०२४ मा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठको सुनौलो अवसरको सदुपयोग गर्दै वर्षभरि नै विभिन्न कार्यक्रम आयोजना गरेर हाम्रो सम्बन्धलाई थप उच्च बनाउने लक्ष्य लिएका छौं। कोरिया सरकार र हाम्रो दूतावासले धेरै कोरियाली लगानी भित्र्याउन निरन्तर प्रयास गरिरहेका छौं।

नेपाल सरकारले वैदेशिक लगानी भित्र्याउनका लागि लगानीमैत्री वातावरण सिर्जनाका खातिर अथक प्रयास गरिरहेको सम्बन्धमा हामी जानकार छौं। सबै क्षेत्रका लागि सुहाउँदो लगानीमैत्री वातावरण बनेर विश्वभरका कम्पनीले नेपालमा सम्भावित लगानी क्षेत्रका बारेमा पुनर्मूल्यांकन गरी ठूलो मात्रामा लगानी गर्न र नेपालीलाई स्वदेशमै रोजगारीको अवसर मिलोस् भन्न चाहन्छु। यही अप्रिल महिनाको अन्त्यमा हुन गइरहेको तेस्रो लगानी सम्मेलन सफलताको कामना गर्दै धेरै उपलब्धि हासिल हुने विश्वास लिएको छु।

*(पार्क थेयङ नेपालका लागि दक्षिण कोरियाली राजदूत हुन्। नेपालले आयोजना गर्न लागेको लगानी सम्मेलनका सन्दर्भमा राजदूत थेयङले राष्ट्रिय समाचार समितिसँग व्यक्त गरेको विचार)*

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले। सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो। कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द।राजा तन्द। तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ। कहिले ज्वालामुखी फुट्छ। जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन्। हेर नन्द। राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ। जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ। त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे। यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन्। जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ। जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान्। राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

## पत्र-मञ्जुषा

# दलालीको लहैलहैमा नलागौं

अहिले सुन किन्नेको ओइरो लागेको छ। बजारमा सुनको मूल्य दिनहुँ बढिरहेको छ। अझै सुनको मूल्य बढ्ने व्यापारीहरू बताउँछन्। सुन तोलाकै साढे दुई लाखसम्म पुग्ने बजारमा व्यापक चर्चा छ। सुनको मूल्य बढेसँगै आमसर्वसाधारण पनि सुन किनिरहेका छन्। आफूसँग भएको रकम उनीहरू सुनमा खर्चिरहेका छन्।

फेरि भोलि सुनको मूल्य हवात्तै घट्यो भने अहिले महँगोमा किन्नेको हालत के होला ? पक्कै पनि उनीहरू पनि डुब्ने छन्। मान्छे कि त परेर चेत्छ कि त देखेर। त्यसैले, अर्काको लहैलहैमा लाग्नुहुन्न। छिटो नाफा कमाइन्छ भनेर यस्तोमा लगानी गर्नुहुन्न।

त्यस्तै, घरजग्गा र गाडीमा पनि यस्तै भएको छ। आनाकै ४० लाख हालेर किनेको जग्गा अहिले त्यसको आधा मूल्यमा बिकेको छैन। २० लाखमा किनेको गाडी लाखमा बिक्री हुन्न। यता, ब्याजको प्रलोभनमा परेर सहकारीमा निक्षेप जम्मा गरेका बचतकर्ताहरू पनि आज नराम्ररी डुबेका छन्। सहकारी भाग्यो। करोडौं बचतकर्ताको बिचल्ली बनायो।

त्यसरी नै अहिले बैंकले पनि बचतकर्ताहरूको यस्तै हालत बनाउने देखिन्छ। अहिले बैंक पनि टाट पल्टिने अवस्थामा पुगेको छ। बैंक डुब्ने डरले अहिले सर्वसाधारणले आफ्नो निक्षेप निकालेर सुन किनिरहेको पाइन्छ। सुन किनेर घरमा राख्ने गरेका छन्, जनताले। सबैले सुनमा लगानी गर्ने भएपछि पैसा झन् फ्रिज हुने भएको छ।

सरकारले बैंक, वित्तीय संस्था खोल्न अनुमति दियो। बैंक, सहकारी, लघुवित्त, फाइनान्समा पैसा राख्नुस्, हामी तपाईंहरूको पैसाको जिम्मेवारी लिन्छौं भनेर सरकारमा बसेका व्यक्तिहरूले नै भने। सीधासाधी जनताले विश्वासमा परेर आफूसँग भएको वा जीवनभर दुःख गरेर, खाइनखाई राखेको पैसा बैंक, वित्तीय संस्थामा राखे। तर, सहकारी त्यही पैसा लिएर भाग्यो। अहिले सरकार पनि त्यस्ता ठग, चोर सहकारीका सञ्चालक, अध्यक्षलाई पक्राउ गर्दैन। यसरी बैंक, वित्तीय संस्थाबाट विश्वास उठेपछि सर्वसाधारणले आफ्नो निक्षेप निकाले। र, फेरि राखेनन्।

व्यापार व्यवसायमा पनि लगानी गरेनन्। र, अहिले त्यो पैसाले सबैले सुन किनिरहेका छन्। सुन किन्दा न राज्यले राजस्व पाउँछ न त्यहाँबाट रोजगारी सिर्जना हुन्छ। जनताले सरकारमाथि विश्वास गर्न छोडिसकेका छन्। सरकारले सहकारीका सञ्चालक, अध्यक्षलाई समातेको भए र बचतकर्ताको निक्षेप फिर्ता गरिदिएको भए आज बैंकबाट पैसा निकाल्नेको भीड बढ्दैनथ्यो।

सरकार आर्थिक मन्दी हटाउँछु भन्छ। तर, मुखले बोल्दैमा त मन्दी हट्दैन नि ? सरकारका मन्त्रीदेखि प्रधानमन्त्री, राष्ट्रपति, गभर्नर सबै अर्थतन्त्रमा सुधार आएको दाबी गर्छन्। अर्थतन्त्रमा सुधार आएको हो भने किन उपत्यकामा कोठा, सटर र फ्ल्याट खाली भइरहेका छन् ? किन व्यापारीहरू दिनहुँ पलायन भइरहेका छन् ? किन देशभर मन्दी छ ? राज्यको ढुकुटीमा राजस्व उठ्न छोडिसकेको छ। सरकारी स्वामित्वकै महालेखापरीक्षकको कार्यालय सरकारको आम्दानीभन्दा खर्च दोब्बर रहेको बताउँछ। सरकारको लक्ष्यअनुरूप ४० प्रतिशत पनि राजस्व उठेको छैन। बजार पूरै मन्दीमा छ। मालपोत र यातायात कार्यालय सुनसान छ।

जनतामा निराशा छाएको छ। उनीहरूले विभिन्न क्षेत्रमा गरेको लगानी सबै डुबेको छ। एकातर्फ सुन किन्न मानिसहरूको लाम लागेको छ भने अर्कोतर्फ आफ्नो बचत झिक्न। यता, वैदेशिक रोजगारीको सिलसिलामा खाडी जानेहरूको पनि एयरपोर्टमा लर्को छ। २०८० सालमा धेरै मानिसहरूले आत्महत्या गरे। धेरै डुबे। धेरै सडकछाप भए। त्यो कारण थियो, सहकारी। सहकारीले पैसा खाइदिएपछि करोडौं जनताको घरपरिवार नै लथालिंग हुन पुग्यो।

बैंकबाट कर्जा लिएर घरजग्गा, गाडी र सेयर किनेकाहरू पनि धितोको मूल्य घटेपछि धितो नै बैंकलाई छोडिदिए। यता, यीनै क्षेत्रमा लगानी गरेका अधिकांशको डुबेपछि भागाभाग नै चलेको छ। अहिले बजारमा भनिन्छ कि घरजग्गा, गाडी र सेयरको मूल्य चार दशकअघिमा फर्किन्छ। अब यसको कारोबारमा सुधार आउँदैन।

सरकारलाई राजस्व कसरी उठाउने ? खर्च कसरी धान्ने ? भनेर मतलब छैन। यता, जनता भने आफूसँग भएको पैसाले धमाधम सुन किनिरहेका छन्। सुन किन्दा सम्बन्धित व्यक्तिलाई फाइदा होला। बैंकबाट आफ्नो निक्षेप निकालेर सुन किनेपछि उनीहरू ढुक्क पनि होलान्। तर, यसबाट राज्यलाई त ठूलो घाटा छ नि। सरकारले पहिल्यै घरजग्गा, गाडी, सेयर, सुनलगायतमा लगानी गर्न पाइँदैन। र, कृषि, उद्योग, व्यापार व्यवसायमा मात्र लगानी गर्न पाइने भनेर नीति बनाएको भए आज न बैंक, वित्तीय संस्था डुब्थे, न नेपाली युवाहरू रोजगारीका लागि खाडी पुग्नुपर्थ्यो।

तर, सरकारले समयमै यसबारे नसोच्दा आज देश यो अवस्थामा पुगेको छ। सरकारमा बस्नेहरूले देश र जनताको लागि सोचेनन्। आफ्नो पार्टी र परिवारका लागिमात्र सोचे। अब जनता पनि दलाली वा व्यापारीहरूको लहैलहैमा लाग्नुहुन्न। जथाभावी लगानी नगरौं, पहिला राम्ररी सोचौं।

*– रुषा थापा, भक्तपुर*

**पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**पहिरन पोज** | कञ्चनपुरको महेन्द्रनगरस्थित भीम बाटिकामा शनिबार परम्परागत पहिरनमा सजिएर सेल्फी खिच्दै राना थारु समुदायका युवती । राना थारुको बसोबास नेपालमा कञ्चनपुर र कैलालीमा मात्रै रहेको छ । *तस्बिर: शेरबहादुर सिंह/रासस*

# हुम्लामा दैनिक उपभोग्य सामानको मूल्य घट्यो





**सिमकोट (प्रस)**– हुम्ला उद्योग वाणिज्य संघले दैनिक उपभोग्य सामग्रीको नयाँ मूल्य निर्धारण गरेको छ । संघले निर्धारण गरेको अधिकांश सामानको पाँचदेखि ५० रूपैयाँसम्म मूल्य घटेको छ भने खसीको मासुको मूल्य १०० रूपैयाँभन्दा बढीले घटेको जनाइएको छ ।

सिमकोट बजारमा दैनिक उपभोग्य हुने सामानको हुम्ला उद्योग वाणिज्य संघले गरेको मूल्य निर्धारण गरेसँगै सम्पूर्ण व्यवसायीलाई मूल्यसूची वितरण गरिएको छ । संघले वितरण गरेअनुसार नै मूल्य कार्यान्वयन गरिएको व्यवसायी बताउँछन् ।

सिमकोट बजारमा थोक व्यवसाय गर्दै आएका व्यवसायीले खुद्रा सामान बिक्री नगर्ने निर्णय गरिएको संघका अध्यक्ष रामबहादुर भण्डारीले बताए । उनका अनुसार मासुजन्य पदार्थको वितरण तथा खुद्रा मूल्यसमेत निर्धारण गरिएको हो । व्यवसायीलाई दैनिक उपभोग्य वस्तुको मूल्य सूची बनाएर वितरण गरिएसँगै एकरूपता आउने विश्वास लिइएको भण्डारीले बताए ।

ब्रोइलर कुखुराको मासु, माछा र बंगुरको मासु प्रतिकेजी ७०० रूपैयाँ, अण्डाप्रति गोटा ३० रूपैयाँ, प्रतिक्यारेट ७५० रूपैयाँ र राँगाको मासु प्रतिकेजी ७५० रूपैयाँ निर्धारण गरिएको अध्यक्ष भण्डारीले जानकारी दिए । जिउँदो खसीको प्रतिकेजी ६५० रूपैयाँ, खसीको मासु मिक्स प्रतिकेजी एक हजार रूपैयाँ र खसीको नेट मासुको एक हजार १०० रूपैयाँ निर्धारण गरिएको छ ।

दैनिक उपभोग्य वस्तुमा धारा तेल ३७० रूपैयाँ, सन फलावर ३०० रूपैयाँ, स्वास्तिक प्रतिलिटर २८० रूपैयाँ, डाल्डा घिउ २८० रूपैयाँ, चिनी प्रतिकेजी १७० रूपैयाँ, चिउरा प्रतिकेजी २०० रूपैयाँ मूल्य तोकिएको छ ।

अन्य उपभोग्य वस्तुमा पनि मूल्य निर्धारण गरिएको भन्दै अधिकांश वस्तुको मूल्य घटेको उनले बताए । मूल्यसूचीमा कायम भएअनुसार नै व्यापारीले सामग्री बिक्रीवितरण गरेमा बजारमा एकरूपता कायम आउने उनको भनाइ छ ।

# बागलुङका चार विद्यालय गाभिँदा ३१ विद्यालय घटुवा

■ तारानाथ आचार्य

**बलेवा (बागलुङ)**– नयाँ शैक्षिकसत्रको सुरुआतसँगै सदरमुकामका संस्थागत विद्यालयले उच्च प्राथमिकताका साथ विद्यार्थी भर्ना अभियान चलाइरहेका छन् । अभिभावकको घर पुग्नेदेखि सामुदायिक विद्यालयका विद्यार्थी प्रेरित गर्ने अभियान चलिरहेको छ ।

सदरमुकामकै केही सामुदायिक विद्यालयमा पनि यो अभियान चलिरहेको छ । तर सबै सामुदायिकमा त्यो जाँगर देखिँदैन । घट्दो विद्यार्थी संख्या, संस्थागत विद्यालयमै अभिभावकको जोडबल र फितलो व्यवस्थापनले दुब्लाउँदै गएका सामुदायिक विद्यालयको व्यवस्थापनमा चुनौती छ । नयाँ शैक्षिकसत्रको सुरुआतसँगै बागलुङ नगरपालिकाले विद्यालय स्थगन र समायोजन गऱ्यो । यसले सामुदायिक विद्यालयमा सबै पक्षको चासो र मिहेनत कम छ भन्ने संकेत गर्छ ।

नगरपालिकाले नगरभित्रका विद्यार्थी संख्या न्यून भएका चार विद्यालय स्थगन र ३१ विद्यालय समायोजन गरेको छ । शुक्रबार बसेको नगर कार्यपालिका बैठकले केही विद्यालय स्थगन गर्ने र केही विद्यालय घटुवा गर्ने निर्णय गरेको हो । बैठकले आधारभूत तहका चार विद्यालय नजिकका विद्यालयमा पूर्णरूपमा गाभ्ने निर्णय गरेको छ । वडा नं ९ का रानीभुमे र सरस्वती सामुदायिक प्रावि, वडा नं १२ को कालीगण्डकी र वडा नं १३ को लक्ष्मीनारायण संस्कृत पाठशाला स्थगन गर्ने निर्णय भएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताए ।

त्यस्तै आठवटा विद्यालयमा बालविकास केन्द्रमात्रै सञ्चालन गर्ने, ११ विद्यालयमा बालविकास केन्द्र र कक्षा १ मात्रै सञ्चालन गर्ने, एउटा विद्यालयमा कक्षा १ मात्रै, पाँच विद्यालयमा कक्षा १ देखि ३ सम्म सञ्चालन गर्ने, दुई विद्यालयमा कक्षा ४ र चार विद्यालयमा कक्षा ६ सम्म कक्षा सञ्चालन गर्नेगरी ३१ विद्यालयमा तह मिलान गरिएको हो ।

बागलुङ बजारमा रहेको बालमन्दिर आधारभूत विद्यालयदेखि भौगोलिक हिसाबले दूरदराजमा पर्ने ओख्ले प्राविसम्मका विद्यालय घटुवामा परेका छन् । नगरको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधिअनुसार विद्यार्थी संख्या कम भएका, शिक्षक दरबन्दी नभएका विद्यालय नजिकका विद्यालयमा समायोजन गरिएको उनले बताए ।

नगरप्रमुख श्रेष्ठले विद्यालय सुधारको प्रयासलाई अगाडि बढाइएको बताए । सामुदायिक विद्यालयमा नयाँ प्रविधिको प्रयोगसँगै अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्न लागिएको उनले जानकारी दिए । शैक्षिक सुधारका लागि नगरपालिकाले विद्यालयको अवस्था बुझेर प्रतिवेदन तयार गर्न समिति बनाएको थियो । नगर शिक्षा समिति, अनुगमन तथा सिफारिस समिति र नगरसभा तथा कार्यपालिकामा भएका छलफलका आधारमा विद्यालय स्थगन तथा घटुवाको निर्णयमा पुगेको नगरप्रमुख श्रेष्ठ बताउँछन् । नगरको यो निर्णयबाट प्रभावित हुने शिक्षक विद्यार्थीको व्यवस्थापनका लागि उपयुक्त कदम चालिने उनले बताए ।

कक्षा १ देखि ३ सम्म २१ जना, ४ देखि ५ सम्म १४ जना, ६ देखि ८ सम्म २७ जना, ९ देखि १० सम्म ३० जना र ११ देखि १२ सम्म ३० जना विद्यार्थी हुनुपर्ने अनिवार्य मापदण्डलाई प्रमुख आधार बनाएर विद्यालय स्थगन तथा समायोजन भएका हुन् । घटुवा हुने विद्यालयमा वडा नं २ को बालमन्दिर आवासीय विद्यालय, वडा नं ३ को वसुन्धरा प्रावि, वडा नं ४ का देउराली प्रावि र उपल्लाचौर आवासीय विद्यालय , वडा नं ५ का मालिका आवासीय र कृष्ण आवासीय विद्यालय , वडा नं ६ का सदाशिवा प्रावि, आधारभूत प्रावि र भगवती प्रावि रहेका छन् ।

त्यस्तै वडा नं. ७ का जनचेतना प्रावि र ज्योतिपुञ्ज प्रावि, वडा नं ८ का भैण्डाँडा आवि र भगवती प्रावि, वडा नं ९ का सरस्वती प्रावि, जनसेवा प्रावि, तित्याङ प्रावि, इन्द्र प्रावि, कृष्ण प्रावि, वडा नं १० का सरस्वती प्रावि र बराहा प्रावि, वडा नं ११ का सरस्वती प्रावि, ओख्ले प्रावि, सिद्ध प्रावि र सहिद स्मृति प्रावि, वडा नं १२ का सरस्वती प्रावि, बुद्धिदात्री प्रावि, भैरव प्रावि र जगन्नाथ प्रावि, वडा नं १३ का दुर्गा भवानी प्रावि, सरस्वती प्रावि र वडा नं १४ को आधारभूत विद्यालय रहेका छन् ।

स्थगन भएका विद्यालय विद्यार्थी संख्या पुगेका बेला जुनसुकै समयमा सञ्चालन गर्न सकिनेगरी भौतिक संरचना संरक्षणको जिम्मेवारी दिने निर्णयसमेत बैठकले गरेको छ । सम्बन्धित वडाका वडाध्यक्ष, वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सम्बन्धित विद्यालयका प्रधानाध्यापक रहेको समितिले खाली भएका संरचनाको व्यवस्थापन सहजीकरण गर्ने छन् । पुस्तकालय, सिकाइ केन्द्र, प्रशिक्षण केन्द्र तथा सामुदायिक भवनका रूपमा प्रयोग गर्न भवनको उपयोग गरिने नगरउपप्रमुख राजु खड्काले बताए । स्थगन र घटुवा हुँदा मौजुदा शिक्षक बच्ने भएकाले सोही वडाको अर्को विद्यालयमा व्यवस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ । *रासस*

# हयोञ्जन वंशको कुलपूजा सम्पन्न




**सिन्धुपाल्चोक (प्रस)**– हयोञ्जन/योञ्जन वंशीय तामाङहरूको सामूहिक कुलपूजासहितको भेला सम्पन्न भएको छ । लिसंखुपाखार गाउँपालिका-२ लिसंखुस्थित छयोइफेल कुन्देलिङ गोन्पामा यही वैशाख ६ र ७ गते आयोजना गरिएको भेला १२ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो ।

तामाङ जातिको हयोञ्जन थरका कुलपूजा परम्पराको संरक्षण र विश्वका हयोञ्जनलाई एकता गर्ने उद्देश्यकासाथ हयोञ्जन वंश समाजले भेला आयोजना गरेको थियो । लिसंखुलाई हयोञ्जनहरूले आफ्नौ पुर्ख्यौली थातथलो मान्दै आएका छन् ।

भेलामा देशभरका ४४ जिल्ला, भारतको सिक्किम, दार्जीलिङ, मिरिक, खार्साङलगायतका स्थानहरूबाट ३१० जना प्रतिनिधि सहभागी थिए । कार्यक्रमको पहिलो दिन वैशाख ६ गते विशेष सामूहिक कुलपूजा भएको थियो । दिउँसो गोन्पाका लामाहरूले लामा छ्याम (नृत्य), स्थानीय कलाकारहरूले ताम्बा गीत र नृत्य, त्यस्तै विभिन्न जिल्लाबाट सहभागी हयोञ्जन स्रस्टा तथा कलाकारहरूले गीत र कविता प्रस्तुत गरेका थिए । हयोञ्जन वंशको सफ्टवेरको विकास र तथ्यांक विवरण भर्नेसम्बन्धी प्रशिक्षणसमेत भएको आयोजकले जानकारी दिएको छ ।

यस्तै, ७ गते वंशको नाममा आठ रोपनी जग्गा दान गर्ने स्थानीय दाताहरूलाई सम्मान, व्यवस्थापन गर्ने स्थानीय र सहभागी सबैलाई प्रशंसापत्र प्रदान गरिएको थियो । प्रत्येक पाँच/पाँच वर्षमा भेला तथा कुलपूजा कार्यक्रम गरिने समाजका अध्यक्ष महेन्द्रजंग तामाङले बताए ।

# इञ्जिनियरिङ पढ्न हलेसी तुवाचुङको एक लाख छात्रवृत्ति

**खोटाङ**– हलेसी तुवाचुङ नगरपालिकाले इञ्जिनियरिङ पढ्न दुई जनालाई जनही एक लाख रूपैयाँ प्रदान गरेको छ । पालिकाले छात्रवृत्तिस्वरूप उक्त रकम उपलब्ध गराएको हो ।

नगरपालिकाले बिहीबार वडा नं ४ बडहरेका विकेश सिलवाल र वडा नं ६ मंगलटारका हेमन राईलाई उक्त रकम प्रदान गरेको हो । नगर कार्यपालिकाद्वारा पारित छात्रवृत्ति कार्यक्रमअन्तर्गत पहिलोपटक दुई छात्रलाई प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख विमला राईले जानकारी दिइन् । 'नगरपालिकाले रोजगारमूलक गुणस्तरीय शिक्षामा जोड दिएको छ । नगरपालिकाभित्रका छात्रछात्रालाई प्राविधिक विषय अध्ययन गर्न प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ,' उनले भनिन्, 'चिकित्साशास्त्र, कृषि तथा पशु विज्ञान, वन तथा वातावरण विज्ञान, इञ्जिनियरिङ र सूचना प्रविधिका विषय गरी पाँच विषयमा उच्च शिक्षा अध्ययन गर्नेलाई रकम प्रदान गरिने छ ।'





यसैबीच, हलेसी तुवाचुङ नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर क्रमशः सुधार भएको छ । गत वर्षको परीक्षामा करिब २२ प्रतिशत विद्यार्थीमात्र सबै विषयमा उत्तीर्ण भएकामा यस वर्ष ४०.६३ प्रतिशत उत्तीर्ण भएको नगरप्रमुख राईले बताइन् । गत वर्षदेखि नगरपालिकाले सामुदायिक विद्यालयको परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन व्यवस्थित गर्न थालेको थियो । कक्षा ४ देखि ९ सम्मको वार्षिक परीक्षामा फरक विद्यालयका शिक्षकलाई फरक विद्यालयमा परीक्षा केन्द्राध्यक्ष बनाएर खटाइएको थियो ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाको मातहतमा प्रश्नपत्र बनाउने र उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन सुरु गरिएको थियो । शैक्षिकसत्र २०८०/८१ मा कक्षा ४ देखि ९ सम्म नगरपालिकाका सबै सामुदायिक विद्यालयबाट दुई हजार ७०५ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । यसमध्ये एक हजार ९९ विद्यार्थी उत्तीर्ण भएका छन् । *रासस*

**प्रभाव दैनिक**

रूपशाला

### मण्डला थियटरमा 'टिकट टू हलिउड'

मण्डला थियटरमा शनिबारदेखि नाटक 'टिकट टू हलिउड' मञ्चन भएको छ । सागर खातीले निर्देशन गरेको नाटमा मिलन कार्की, सुदिप खतिवडालगायतको अभियनय छ । निर्देशक खातीको यो छैठौ निर्देशन हो । यसअघि उनले तिम्रो आखाँमा फसेको साँझ, खोपडी भित्रको मान्छे, अबुई लगायतका नाटक निर्देशन गरिसकेका छन् । झिम्के मामा, सिरूमा रानी लगायत नाटकमा अभियनय गरेका उनले अन्तिम पटक विमोक्ष नाटकमा अभिनय गरेका थिए ।




आइतबार ९, वैशाख २०८१ (Sunday, April 21, 2024)

# प्रदर्शनमा आउँदै चलचित्र 'युक्पुङ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय लिम्बू संस्कृतिमूलक चलचित्र निर्माणले पुन: लय लिएको छ । बीच समयमा एक पटक ठप्पजस्तै बनेको लिम्बू चलचित्र निर्माणले अहिले गति लिएको हो । चलचित्र निर्माणसँगै प्रदर्शन हुने क्रम पनि बढेको छ । यसैक्रममा लिम्बू संस्कृति र मौलिकतामा आधारित रहेर निर्माण गरिएको चलचित्र 'युक्पुङ' अर्थात 'बस्ती' यो बैशाख २९ गते कमलपोखरीस्थित बिग मुभिजमा विशेष प्रदर्शनी हुँदैछ ।

राजधानीमा एक समारोहबीच यो चलचित्रको ट्रेलर र एउटा गीत सार्वजनिक गरिएको छ । गीत तथा ट्रेलर सार्वजनिक कार्यक्रममा निर्माणपक्षले चलचित्र प्रदर्शनबारे जानकारी गराएको हो । 'युक्पुङ'को गीतमा मदन वनेम र यासेली योङहाङको शब्द रहेको छ भने पार्श्वसंगीत मदन वनेमकै रहेको छ । यो चलचित्र काठमाडौंभन्दा अगाडि हङकङमा मे १ तारिख अर्थात बैशाख १९ गते प्रदर्शन हुने भएको छ ।

मोफसल धरान, धनकुटा, झापा, मोरङलगायतका पूर्वका मुख्य शहरहरूमा प्रदर्शन भइसकेको यो चलचित्र काठमाडौं र विदेशमा प्रदर्शन गर्न लागिएको हो । पूर्वका दर्शकले 'युक्पुङ' रुचाएका छन् । नोगेन अग्यानिक इन्टरटेनमेन्टको प्रस्तुती रहेको चलचित्र 'युक्पुङ'लाई दिनेश माङ्मुले निर्देशन गरेका हुन् । म्युजिक भिडियो निर्देशन र कोरियोग्राफी अब्बल मानिएका दिनेश माङ्मुको 'युक्पुङ' डेब्यू चलचित्र हो । निर्देशक माङ्मुका अनुसार चलचित्र 'थुक्पुङ'मा एउटा बस्तीको कथा रहेको छ ।

सार्वजनिक ट्रेलरले पनि चलचित्र पूर्वको एउटा वस्तीमाथि केन्द्रीत रहेर तयार पारिएको प्रष्टाउँछ । सहरबाट अध्यापनका लागि गाउँ पुगेका एक शिक्षक, जो मातृभाषा र पालाम बुझ्दैनन् । तिनै शिक्षित युवा र गाउँबस्तीमा हुर्केकी अनपढ तर मातृभाषा र मौलिक संस्कृतिप्रति जागरुक युवतीबिचको प्रेम र संघर्षलाई 'युक्पुङ'मा कथानक रूपमा प्रस्तुत गरिएको छ ।

बिष्णु मोक्तान र मदन वनेमको पटकथा रहेको यस चलचित्रमा यासेली योङहाङ, कबिता आले, कुसल थलङ, सेसेमा सेन्दाङ 'कमला', मदन वनेम, डीबी लिम्बू, तेज आङदेम्बे, बिनु तुम्बाहाङफे, पुष्पा वनेम, प्रेम ओझा, कुमार ढकाल, सागर केरुङ, नुनाम केरुङ, मिराक वनेम, सुलभ नेम्बाङ, हिमाल लिम्बू, देउमान पालुङवा, टीआर सेनेहाङ, रबि किरण मादेन लगायतले अभिनय रहेको छ ।

नरकुमारी वनेम सेन्दाङ, स्व: भिमा पाङमा (सियेम), इन्दु लावती र ममता यक्सोको निर्माण रहेको चलचित्र 'युक्पुङ'मा रविन्द्र बरालको छायाँकन, राजु घिमिरेको मुख्य-सहायक निर्देशन र तारा शर्माको शृंगार रहेको छ ।

## 'मिस्टर एण्ड मिस नेसनल' भिड्दै

# डा. आयुष्नोभा




■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय सौन्दर्य प्रतियोगीता प्रति बिभिन्न क्षेत्रका ब्यक्तिको आकर्षण बढ्दो छ । यस्ता प्रतियोगीता मार्फत देशको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय प्रतियोगीतामा सहभागी हुन र देश चिनाउन अवसर जो प्राप्त हुनेगर्छ ।

यस्तै अन्तराष्ट्रिय क्षेत्रमा देश चिनाउने उदेश्यले सौन्दर्य प्रतियोगीता 'मिष्टर एण्ड मिस नेशनल'मा सहभागी भएकी छन् डाक्टर आयुष्नोभा ढुंगाना । ढुंगाना मोडल तथा डाक्टर हुन् । कलाकारिता र डाक्टर पेशाा एकसाथ अगाडि बढाइरहेकी ढुंगाना बंगलादेशबाट एमबीबीएस गरेकी छन् । संयुक्त राज्य अमेरिकाको हार्वर्ड मेडिकल स्कूलबाट जनेशरल साइकीह्याटीक म्यानेजमेन्ट, साइको इडुकेशन, बाइप्लोर डिसअडर, डिप्रेसन पोष्ट ग्रेजुएशन क्रेडिट पाठ्यक्रममा उनले १०० प्रतिसत क्रेडिट पाएकी थिइन् । अहिले हार्वर्ड स्कुलकै अटिजम पोस्ट ग्रेजुएशन क्रेडिट कोर्स गर्दैछन् ।

कलाकारिता तर्फ उनले मोडलिङ, कान्छो अंग्रेजी अनुवादक लगायतबाट समेत बिभिन्न अवार्डहरू प्राप्त गरेकी छन् ।

'मिष्टर एण्ड मिस नेशनल'तर्फ उनी मिस नेशनलको प्रतियोगी हुन् । पोल्याण्डमा आयोजना हुने 'मिस सुप्रा नेसनल'मा देशको प्रतिनिधित्व गर्ने उदेश्यले उनी यो प्रतियोगीतामा सहभागी भएकी हुन् ।

प्रतियोगीताको अन्तिम २४ भित्र छानिन सफल उनी सबैभन्दा प्रभावशाली प्रतियोगी हुन् । त्यसैले उनलाई उपाधिको दावेदार समेत मानिएको छ । उपाधि जित्ने उदेश्यले उनी दिनरात मिहिनेत गरिरहेकी छन् ।

मोडलिङ र डाक्टर पेसा एकसाथ अगाडि बढाइरहेकी ढुंगाना अभिनित एक राष्ट्रिय गीत 'त्यही सच्चा नेपाली' केही अगाडि सार्वजनिक कलाकारसँग उनले अभिनय गरेकी थिइन् । उनी डाक्टर पेशाा समाजसेवाका लागि रोजेकी हुन् । 'मिष्टर एण्ड मिस नेशनल' प्रतियोगीताको फाइनल यहि मेको एक तारिखमा हुँदैछ । जसमा प्रस्तुत हुने आयुष्नोभाले बताइन् ।

मिस नेशनलका डिरेक्टर डा. सन्तोष उपाध्याय हुन् । उनी मिष्टर नेशनलका अन्तर र्राष्ट्रिय तेस्रो विजेता हुन् ।



**एसिसी प्रिमियर कप**

# हङकङसँग पनि हार्‍यो नेपाल

## इमर्जिङ टिम्स एसिया कपबाट बाहिरियो नेपाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी प्रिमियर कपको तेस्रो स्थानका लागि भएको खेलमा पनि नेपालले हार ब्यहोरेको छ । शनिबार सम्पन्न खेलमा नेपाललाई ४ विकेटले पराजित गर्दै हङकङ तेस्रो भएको छ । योसँगै हङकङले एसीसी इमर्जिङ टिम्स एशिया कपमा स्थान बनाएको छ । नेपालले दिएको १४० रनको लक्ष्य हङकङले ३ बल बाँकी रहँदै ६ विकेट गुमाएर पूरा गर्‍यो ।

हङकङका अंशु रथले अविजित रहँदै सर्वाधिक ६५ रन बनाए। ५० बल खेलेका उनले ४ चौका र २ छक्का प्रहार गरे । बाबर हयात २६ र एजाज खान १२ रनमा आउट हुँदा अन्य कुनै ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् ।

नेपालका सोमपाल कामीले सर्वाधिक ३ विकेट लिए । ४ ओभर बलिङ गरेका उनले ३३ रन खर्चिए। दीपेन्द्रसिंह ऐरीको नाममा २ विकेट रह्यो । त्यसअघि अमेरत क्रिकेट ग्राउन्ड (मिनिस्ट्री टर्फ १) ओमानमा टस जितेर पहिला ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १३९ रन बनायो ।

दीपेन्द्रसिंह ऐरीले २९ बलमा ४ चौका र ३ छक्कासहित ४४ रन बनाए । दीपेन्द्रसिंह ऐरी बाहेक नेपाली टोलीले सम्झना लायक प्रदर्शन गरेनन् । सन्दीप जोरा २२, कप्तान रोहितकुमार पौडेल २१ नेपालका ओपनर कुशल भुर्तेल शून्य, आशिफ शेख ५, सोमपाल कामी १२, करण केसी ३ र कुशल मल्ल १३ रनमा आउट भए ।

ललितनारायण राजवंशी २ रनमा अविजित रहे। हङकङका आयुष शुक्लाले सर्वाधिक ३ विकेट लिए । अतिक इकवाल, यासिम मुर्तजा र एहसान खानको नाममा १/१ विकेट रह्यो ।

यसअघि नेपाल सेमिफाइनलमा युएईसँग पराजित हुँदै तेस्रो स्थानका लागि खेलेको थियो । युएईसँगको खेलमा पहिलो बलमै बिना कुनै रन आउट भएका कुशल भुर्तेल हङकङविरुद्धको खेलमा पनि शुन्य रनमै आउट भएका थिए ।एसिसी प्रिमियर कपको फाइनल खेल आज (आइतबार) ओमान र युएईबीच हुँदैछ । उपाधि हात पारेको टोलिले आगामी एसिया कपमा स्थान बनाउनेछ ।

# पलेसा र कविराज वर्षका उत्कृष्ट

■ प्रभाव संवाददाता




**काठमाडौं–** छनोट चरण पार गर्दै पेरिस पारालिम्पिक खेल्न लागेकी पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धन र प्रशिक्षक कविराज नेगी लामा क्रमश: वर्षका उत्कृष्ट खेलाडी र प्रशिक्षकबाट सम्मानित भएका छन् ।

नेपाल तेक्वान्दो संघले आठौं वार्षिक साधारणसभाका अवसरमा पलेसालाई वर्षको उत्कृष्ट खेलाडी र कविराजलाई उत्कृष्ट प्रशिक्षकबाट सम्मानित गरेको हो । शनिबार चितवनको सौराहमा आयोजित साधारणसभामा पलेसालाई ५० हजार र कविराजलाई १५ हजार रूपैयाँसहित सम्मान गरिएको थियो । उनीहरूलाई युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठ र नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशम्शेर राणाले सम्मान गरेका थिए । चीनको ताइयानमा गत चैत ४ गते भएको एसियाली छनोटमा स्वर्ण पदक जित्दै पलेसा पेरिस पारालिम्पिकका लागि छनोट भएकी थिइन् । पलेसा छनोट चरण पार गरेर पारालिम्पिक खेल्न लागेकी पहिलो नेपाली खेलाडी हुन् ।

गत असोजमा चीनको हाङझावमा सम्पन्न चौथो एशियाली पारा खेलकुदमा पनि पलेसाले ऐतिहासिक कांस्य पदक जितेकी थिइन् । यसअघि सन् २०२० मा भएको टोकियो पारालिम्पिकमा पलेसाले दुई खेल जितेकी थिइन् । ओलम्पिकमा दुई खेल जित्ने पलेशा पहिलो नेपाली खेलाडी पनि हुन् ।

कविराजले सन् २०१५ देखि पारा तेक्वान्दो प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै आएका छन् । उनको प्रशिक्षणमा नेपालले अहिलेसम्म १० वटा अन्तर्राष्ट्रिय पदक जितिसकेको छ । जसमा तीन स्वर्ण, दुई रजत र पाँच कांस्य छन् ।

यसैगरी रोल्पाको जलजला तेक्वान्दो डोजाङका प्रशिक्षक हेमन्त खत्री बेस्ट तेक्वान्दो इन्स्ट्रक्टर अवार्डबाट सम्मानित भए । उनलाई १५ हजार रूपैयाँबाट सम्मानित गरिएको थियो । यस्तै, उत्कृष्ट जिल्ला र उत्कृष्ट प्रदेशबाट क्रमश: चितवन र बागमती प्रदेशलाई २५ हजार रूपैयाँबाट सम्मान गरिएको थियो । यसैगरी एनटीए सोसल अवार्ड बन्दी सहायता नेपालकी अध्यक्ष प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानामगर र गोल्छा समूहका अध्यक्ष एवं प्रबन्ध निर्देशक शेखर गोल्छालाई २५ हजार रूपैयाँसहित सम्मान गरियो ।

यस्तै, एनटीए प्रेसिडेन्ट अवार्ड नेपाल तेक्वान्दो संघका उपाध्यक्ष भानबहादुर चन्द र केन्द्रीय सदस्य राम गिरीलाई प्रदान गरिएको थियो । संघका केन्द्रीय सदस्य एवं प्रवक्ता साम्राज्यविक्रम पाण्डे, नेपाल तेक्वान्दो संघ बागमती प्रदेशका अध्यक्ष केशव पुरी र मधेस प्रदेश तेक्वान्दो संघ प्रसंशापत्रबाट सम्मानित भए ।

# ई-स्पोर्ट्सका सरोकारवालासँग अन्तरक्रिया

**काठमाडौं (प्रस)–** ई-स्पोर्ट्स संघ नेपालले ई-स्पोर्ट्सको क्षेत्रमा काम गर्ने सरोकारवाला पक्षसँग शनिबार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । राष्ट्रिय खेलकुद परिषद्मा औपचारिक रूपमा दर्ता भएपछि संघले शनिबार सरोकारवाला सबै पक्षलाई बोलाएर अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा ई स्पोर्ट्सको क्षेत्रमा काम गर्ने क्लब, खेलाडी, अभिभावक, गेमिङ कम्पनी र ईभेन्ट व्यवस्थापन गर्ने कम्पनीका प्रतिनिधि सहभागि थिए । कार्यक्रममा सहभागि प्रतिनिधिहरूले व्यवस्थित रूपमा ई स्पोर्ट्सका नियमित प्रतियोगिता हुनुपर्नेमा जोड दिदै खेलाडीलाई खेल्ने वातावरण बनाउन सुझाव दिएका थिए ।

डिआरएस गेमिङका म्यानेजर संगिन भट्टराईले नयाँ बनेको संघले खेलाडी खेल्ने वातावरण बढाउनुपर्ने बताए । उनले नयाँ खेलको रूपमा ई स्पोर्ट्समा धेरै समस्या ब्यहोर्नु परिरहेको उल्लेख गर्दै खेलको वातावरणलाई सहज बनाउन संघले पहल गर्नुपर्ने उल्लेख गरे ।

ई स्पोर्ट्स खेलाडी भविष्य ढकालले खेलाडीको आम्दानीको स्रोत बढाउन धेरै भन्दा धेरै प्रतियोगिता आयोजना हुनुपर्ने बताए । उनले खेलाडी सरुवालाई व्यवस्थित बनाउन आवश्यक रहेको औल्याएका थिए ।

सहभागी प्रतिनिधिहरूले नीजि क्षेत्रको लगानीमा अहिलेसम्म ई स्पोर्ट्स सफलता हासिल गर्न सकिएको बताउँदै अब राज्यको तहबाट लगानी बढाउन आवश्यक रहेको धारणा राखेका थिए । कार्यक्रममा संघको आगामी कार्ययोजना, वार्षिक क्यालेन्डर, नीति र पूर्वाधार निर्माणमा गरिएका पहल र सरकारसँग नीति तथा बजेट निर्माणमा भैरहेको सहजीकरणका बारेमा जानकारी गराईएको थियो ।

संघका अध्यक्ष अन्जन धमलाले कुनैपनि खेलको आधार भनेकै खेलाडीहरू रहने उल्लेख गर्दै सबैसंग सहकार्य गरेर ई स्पोर्ट्सको विकासमा आफुहरू प्रतिबद्ध रहेको बताएका थिए । उनले आफुहरू राष्ट्रिय प्रतियोगिताको तयारीमा जुटेको उल्लेख गर्दै सहभागी प्रतिनिधिसँग सुझावलाई कार्यान्वयन गर्दै अघि बढिने धारणा राखेका थिए ।




जापानको टोकियोस्थित शिन्जुकु स्टेसननजिकै शुक्रबार साँझको सवारी चापमा सडक पार गर्न पालो पर्खिरहेका पैदलयात्रीहरूको भीड । तस्बिरः एएफपी

# 'टेस्ला दायित्व'का कारण मस्कद्वारा भारत भ्रमण स्थगित

नयाँदिल्ली- अर्बपति एलोन मस्कले आफ्नो भारत भ्रमण स्थगित गरेको शनिबार बताएका छन् । भ्रमणका क्रममा टेस्लाका मालिक मस्कले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने र ठूला लगानी योजनाहरूमा छलफल गर्ने कार्यक्रम थियो ।

मस्कको विद्युतीय कार कम्पनी टेस्लाले एक्सिलेरेसन पेडलमा खराबीका कारण करिब चार हजार साइबरट्रक सवारीलाई फिर्ता बोलाउने घोषणा गरेको एक दिनपछि उनको भारत भ्रमण स्थगित भएको समाचार आएको हो । 'दुर्भाग्यवश धेरै भारी टेस्ला दायित्वका कारण भारत भ्रमणमा ढिलाइ भएको छ तर म यस वर्षको अन्त्यमा भ्रमणका लागि अत्यन्त उत्सुक छु' आफ्नो सामाजिक मिडिया प्लेटफर्म एक्समा एक पोस्टमा उनले भने ।

सञ्चारमाध्यमहरूले आइतबारदेखि हुने दुई दिवसीय भ्रमणका क्रममा मस्कले मोदी र एयरोस्पेस कम्पनीहरूसँग भेट गर्ने बताएका थिए । गत महिना सरकारले विश्वव्यापी सवारी



निर्माताहरूका लागि विद्युतीय सवारी आयातमा कर कटौती गरेपछि टेस्लाले भारतमा कारखाना स्थापना गर्ने स्थानहरूको खोजी गरिरहेको थियो । कम्पनीले ५० करोड डलर लगानी गर्ने र तीन वर्षभित्र स्थानीय उत्पादन सुरु गर्ने प्रतिबद्धता जनाएको थियो ।

सरकारको उक्त नीतिले प्रत्येक वर्ष ३५ हजार डलर वा त्योभन्दा धेरै मूल्य भएका आठ हजार विद्युतीय सवारीको आयातमा शुल्क घटाएको छ । टेस्लाले उत्पादन लाइन स्थापना गर्नेबारे अन्तिम निर्णय नलिएसम्म उसले पहिलोपटक आफ्नो बर्लिन कारखानाबाट कार हरूको आयात गर्न सक्ने भारतीय सञ्चारमाध्यमहरूले बताएका छन् । टेस्लाका कारहरूको मूल्य धेरै भएकाले भारतीय बजारमा कम्पनीलाई तत्काल बढत मिल्ने सम्भावना कम रहेको विशेषज्ञहरूले बताएका छन् ।

टेस्लाको अहिलेसम्मको सबैभन्दा सस्तो मोडेल भनेको मोडेल ३ सेडान हो । यसको मूल्य अमेरिकामा करिब ३९ हजार डलर छ । भारतमा मस्कको वर्तमान व्यावसायिक रुचि यसअघि ट्विटर नामले चिनिने एक्ससम्म सीमित छ । आफ्नो सामाजिक मिडिया प्लेटफर्ममा कथितरूपमा आलोचनात्मक पोस्ट हटाउन भारत सरकारको मागलाई लिएर उनले अभिव्यक्ति स्वतन्त्रताका कार्यकर्ताहरूको प्रश्नहरूको सामना गर्नुपरेको छ । आफूलाई मोदीको प्रशंसक बताउने मस्कले पछिल्लोपटक सन् २००७ मा भारतको भ्रमण गरेका थिए र भारतलाई 'अद्भूत' भन्दै ताजमहल 'वास्तवमा विश्वको आश्चर्य' रहेको बताएका थिए । *रासस/एएफपी*

# एआईको अनवरत वृद्धिले पत्रकारलाई चुनौती

**पेरुगिया (इटाली)**- आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता वा एआई) को वृद्धिले बढ्दो संख्यामा पत्रकारहरूलाई द्रुत रूपमा विस्तार हुँदै गएको र प्रविधिबाट उत्पन्न हुने नैतिक र सम्पादकीय चुनौतीहरूको सामना गर्न बाध्य पारेको छ । इटालेली सहर पेरुगियामा भएको अन्तर्राष्ट्रिय पत्रकारिता महोत्सवमा उठेका प्रश्नहरूमध्ये न्युजरुमलाई सहयोग गर्न वा तिनीहरूलाई पूर्णरूपमा रूपान्तरण गर्न एआईको भूमिका रहेको थियो ।



*तस्बिर सौजन्यः नाइम्यानल्याबडटओरजी*

### एआईको वृद्धिले जागिरलाई कस्तो असर पर्ला ?

मानव बौद्धिकताको नक्कल गर्ने एआई उपकरणहरू विश्वभरका न्युजरूमहरूमा ध्वनि फाइलहरू ट्रान्सक्राइब गर्न, पाठहरू संक्षेप गर्न र अनुवाद गर्न व्यापकरूपमा प्रयोग गरिन्छ । सन् २०२३ को प्रारम्भमा जर्मनीको एक्सेल स्प्रिंगर समूहले बिल्ड र डाइ वेल्ट अखबारहरूमा जागिरहरू कटौती गरिरहेको घोषणा गरेको र एआईले अब आफ्ना केही पत्रकारहरूलाई प्रतिस्थापन गर्न सक्ने जनाएको छ ।

जेनेरेटिभ एआईले दैनिक भाषामा साधारण अनुरोध पछ्याएर पाठ र छविहरू उत्पादन गर्न डेढ वर्षदेखि नयाँ सीमाहरू खोल्दै र चिन्ता बढाउँदै आएको छ । आवाज र अनुहार अब पोडकास्ट उत्पादन गर्न वा टेलिभिजनमा समाचार प्रस्तुत गर्न क्लोन गर्न सकिन्छ । गत वर्ष फिलिपिनो वेबसाइट र्‍याप्लरले आफ्ना लामा लेखहरूलाई कमिक्स, ग्राफिक्स र भिडियोहरूमा रूपान्तरण गरेर युवा दर्शकहरूलाई लक्षित गरी ब्राण्ड सिर्जना गरेको थियो ।

मिडियाकर्मीहरू व्यापारमा सबैभन्दा ठूलो थप मूल्य प्रस्ताव गर्ने कार्यहरूमा केन्द्रित हुनुपर्नेमा सहमत भएका छन् । 'तपाईं नै वास्तविक सामानहरू प्रयोग गर्ने व्यक्ति हुनुहुन्छ र हामीले उत्पादन गर्ने उपकरणहरू तपाईंका लागि सहायक हुने छन्,' गुगल समाचारका महाप्रबन्धक शैलेश प्रकाशले पेरुगिया महोत्सवमा भने ।

### पैसाको बारेमा

सन् २०२२ को उत्तरार्धमा च्याटजिपिटी देखापरेपछि जेनेरेटिभ एआईको लागत घटेको र 'युएस स्टार्ट-अप ओपन एआई'द्वारा डिजाइन गरिएको उपकरणले अब साना न्युजरूमहरूमा पहुँचयोग्य बनाएको छ ।

कोलम्बियाई खोज आउटलेट क्युसन पब्लिकाले इन्जिनियरहरूलाई एउटा उपकरण विकास गर्न प्रयोग गरेको छ । यसले यसको अभिलेखहरूमा खोजी गर्न र ब्रेकिङ न्युजको घटनामा पृष्ठभूमि जानकारी फेला पार्न सक्ने बताएको छ ।

'तर धेरै मिडिया संगठनले एआई इन्टरफेसको केन्द्रमा रहेको आफ्नै भाषा मोडेलहरू बनाउँदैनन्,' एम्स्टर्डम विश्वविद्यालयका प्राध्यापक नताली हेलबर्गरले भने, 'तिनीहरू सुरक्षित र भरपर्दो प्रविधिका लागि आवश्यक छ ।'

### गलत सूचनाको धम्की

एभ्रिपिक्सेल जर्नलको गत वर्षको अनुमानअनुसार एआईले १५० वर्षमा फोटोग्राफीमा जति तस्बिरहरू एक वर्षमा सिर्जना गरेको छ । यसले गहिरो प्रश्नहरू खडा गरेको छ । मिडिया र प्राविधिक संगठनहरूले खतरालाई सम्बोधन गर्न टोली बनाउँदै र विशेषगरी कन्टेन्ट प्रोभेनेन्स एण्ड अथेन्सिटीका लागि गठबन्धनमार्फत साझा मापदण्डहरू सेट गर्न खोजेको छ ।

'हाम्रो मुख्य काम भनेको समाचार संकलन, प्रत्यक्ष स्थलगत रिपोर्टिङ हो,' हालै एएफपी सम्पादकीय नवप्रवर्तन र कृत्रिम बौद्धिकताका लागि विश्वव्यापी समाचार निर्देशक बन्न नियुक्त गरिएकी सोफी हच्युटनले भनिन्, 'हामी मानव रिपोर्टरहरूमा केही समयका लागि निर्भर हुनेछौं तर यो कृत्रिम बौद्धिकताको सहयोगले हुनसक्छ ।'

### वाइल्ड वेस्टदेखि नियमनसम्म

विश्वसनीय समाचारको रक्षा गर्न आफ्नो मिडिया अधिकार संक्षिप्त विस्तार गरेको मिडिया अधिकार वाचडग रिपोर्टर्स विदाउट बोर्डर्सले गत वर्षको अन्त्यमा एआई र पत्रकारितामा पेरिस चार्टर सुरू गरेको थियो । 'पेरिस चार्टरबारे मलाई साँच्चै मनपर्ने कुरामध्ये एउटा पारदर्शितामा जोड थियो,' अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा ग्लोबल मिडिया, इनोभेसन र मानवअधिकारका लेक्चरर आन्या शिफ्रिनले भने, 'उनीहरूले जेनेरेटिभ एआई प्रयोग गर्दा प्रकाशकहरूले कति हदसम्म खुलासा गर्नुपर्छ ?'

'गम्भीर बहस चलिरहेको छ : के तपाईंले एआई सामग्री चिह्न लगाउनुपर्छ वा मानिसहरूले तपाईंको ब्रान्तमा विश्वास गर्नुपर्छ ?,' सार्वजनिक प्रसारक स्विडिस रेडियोमा एआई र समाचार रणनीतिका प्रमुख ओले जाक्रिसनले भने । उनले निरन्तर विकसित हुँदै गएको प्रविधिको सामना गर्दा नियमन आफ्नो बाल्यवस्थामै रहने बताए ।

मार्चमा युरोपेली संसद्ले नवप्रवर्तनलाई नरोकी एआई मोडेलहरूलाई नियमन गर्ने लक्ष्य राखेको एउटा रूपरेखा कानुन ग्रहण गर्‍यो तर दिशानिर्देशहरू र चार्टरहरू न्युजरुममा द्रुतरूपमा सामान्य भइरहेका छन् ।

भारतको क्विन्टिलियन मिडियामा हरेक तीन महिनामा एआई सम्पादकीय दिशानिर्देश अध्यावधिक गर्ने गरिएको उक्त मिडियाकी मालिक रितु कपुरले बताइन् । संस्थाको कुनै पनि लेख एआईमार्फत लेख्न सकिँदैन र यसले सिर्जना गर्ने छविले वास्तविक जीवनलाई प्रतिध्वनित गर्न सक्दैन ।

### विरोध कि सहयोग गर्ने ?

एआई मोडेलहरूले डेटालाई फिड गर्दछन् तर महत्त्वपूर्ण वस्तुका लागि समस्या बढाएका छन् । डिसेम्बरमा न्युयोर्क टाइम्सले प्रतिलिपि अधिकार उल्लंघनका लागि ओपनएआई र यसको मुख्य लगानीकर्ता माइक्रोसफ्टलाई मुद्दा हालेको छ ।

यसको विपरीत, अन्य मिडिया संगठनहरूले ओपनएआईसँग सम्झौता गरेका छन् । एक्सेल स्प्रिंगर, अमेरिकी समाचार एजेन्सी एपी, फ्रान्सेली दैनिक मोन्डे र स्पेनी समूह प्रिसा मिडियाले ओपनएआईसँग सम्झौता गरेका हुन् । यिनीहरूको शीर्षकमा एल पेस र एएस अखबारहरू समावेश भएका छन् । कोलम्बिया विश्वविद्यालयको पत्रकारिता स्कुलका प्राध्यापक एमिली बेलले मिडिया उद्योगमा स्रोत साधनको अभाव भएकाले नयाँ प्रविधिसँग सहकार्य गर्न आकर्षक रहेको बताए । *रासस/एएफपी*

# नयाँ वित्तीय साधनका लागि ११ अर्ब डलरको अनुमोदन

वासिङ्टन- विश्व बैंकले ऋण क्षमता अभिवृद्धि तथा साझा विश्वव्यापी चुनौतीहरूको सम्बोधन गर्ने उद्देश्यले नयाँ वित्तीय साधनहरूका लागि ११ अर्ब अमेरिकी डलरको अनुमोदन प्राप्त गरेको छ । एघार देशले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्म, हाइब्रिड क्यापिटल संयन्त्र र नयाँ कोषका लागि कूल ११ अर्ब अमेरिकी डलरको प्रतिबद्धता घोषणा गरेको बैंकद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

विश्व बैंक समूहको लिभरेजिङ क्षमताले प्रदान गरिएका स्रोतहरूमा १० वर्षमा छदेखि आठ गुणा गर्न अनुमति दिन्छ र प्रतिज्ञा गरिएको स्रोतहरूमा निश्चित परिस्थितिमा यो १० गुणासम्म पुग्न सक्छ । यी प्रतिज्ञा गरिएका स्रोतहरूले सीमापार चुनौतीहरूको सामना गर्न र विकास लक्ष्यहरूलाई अगाडि बढाउन तत्काल कोषमा ७० अर्ब डलरसम्म उपलब्ध गराउन सक्छ ।

'हामीले यी नयाँ वित्तीय साधनहरू विकास गर्न कडा परिश्रम गरेकाले हाम्रो उधारो क्षमतालाई बढावा दिन्छ, दाता कोषलाई बढाउँछ र अन्ततः हामीलाई धेरै मानिसको जीवनमा सुधार गर्न अनुमति दिन्छ,' विश्व बैंक समूहका अध्यक्ष अजय बंगाले भने, 'यी मुलुकका उदारता हामीले बैंक सुधार गर्न गरेको प्रगतिको समर्थन हो र विश्वव्यापीरूपमा विकासका लागि उनीहरूको साझा प्रतिबद्धताको संकेत पनि हो ।'

बेल्जियम, फ्रान्स, जापान, अमेरिकालगायत ११ मुलुकले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्ममा प्रतिज्ञा गरेका छन् भने डेनमार्क, जर्मनी, इटाली, लाटभिया, नेदरल्यान्ड्स, नर्वे र बेलायतले हाइब्रिड पुँजीका लागि प्रतिबद्धता व्यक्त गरेका छन् ।

जापानले नयाँ लिभेबल प्लानेट फन्डमा प्रारम्भिक योगदान गर्नका लागि प्रतिबद्धता जनाएको छ । मुलुकहरूको आपसी योगदानले पर्यावरणीय चुनौतीहरूको सामनामा अन्तर ाष्ट्रिय सहयोगको महत्त्वमाथि प्रस्ट पार्दछ । *रासस/एएनआई*

# 'अब आन्तरिक कलह हट्नुपर्छ'



**तेलअभिभ (इजरायल)**- इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बिहीबार मोसादको मुख्यालय (इजरायलको अन्तर्राष्ट्रिय गुप्तचर एजेन्सी) भ्रमण गर्ने क्रममा निर्देशक डेभिड बार्निया र डिभिजन प्रमुखहरूको फोर मसँग भेटवार्ता गरेका छन् ।

भेटवार्तामा उनीहरूले विभिन्न क्षेत्रका क्षेत्रीय घटनाक्रमबारे छलफल गरेको स्रोतले जनाएको छ । प्रधानमन्त्री र मोसाद निर्देशकले बन्धकहरूलाई सकेसम्म चाँडो घर फर्काउन निरन्तर प्रयासको महत्त्वलाई उजागर गर्दै युद्धको समयमा देशमा एकताको आवश्यकताबारेमा छलफल गरेको जनाइएको छ ।

'उनीहरू हामीलाई नष्ट गर्न आएकाले यो छुट्टी फरक छ, यो इरान र हमासलगायत प्रोक्सीहरूको दुष्टताको केन्द्रबाट धेरै मूर्त छ,' भेटमा प्रधानमन्त्री नेतान्याहुले भने, 'अर्कोतर्फ दासत्वबाट मुक्तिसम्मको अवस्थामा यो पक्ष धेरै मूर्त छ । गाजामा अझै पनि राक्षसी प्रवृत्ति हाबी छ ।' 'हामी गाजामा आतंकवादलाई हराउन, बन्धकहरूलाई मुक्त गर्न र इरानसहितका खतरालाई हटाउन प्रतिबद्ध छौं,' उनले भने, 'यो ठूलो कामका लागि दुई कुराको आवश्यकता छ, पहिलो दृढ संकल्प र अर्को एकता ।'

'सबैभन्दा पहिला राष्ट्र बाहिरी दबाबले नभई आन्तरिक कलहले टुक्रिन्छ,' नेतान्याहुले इजरायलमा आन्तरिक विभाजनका कारण हुने समस्याबारे भने, 'हामी अस्तित्वको खतरामा भएकाले अब आन्तरिक कलहलाई हराउनुपर्छ र अस्तित्वको खतराको सामना गर्न हामीले सेनालाई एकताबद्ध बनाउनुपर्छ र तिनीहरूलाई विभाजित गर्नुहुन्न ।' *रासस/एएनआई*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १३९३०० | प्रति तोला – १३८६५० | प्रति तोला – १७२० |



**खायन जातको आलुखेती** | म्याग्दीको बेनी नगरपालिका-३ मा पर्ने भकिम्लीको मुसुङमा गरिएको खायन जातको आलुखेती । कृषि ज्ञान केन्द्रले मुसुङ खायन आलु पकेट क्षेत्र घोषणा गरी आलु उत्पादन कार्यक्रम सञ्चालन गरेको छ । *तस्बिर : ध्रुवसागर शर्मा/रासस*

# 'नेपालमा काम गर्न अमेरिका इच्छुक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री बर्षमान पुनले अमेरिकी सरकार सरकार, निजी क्षेत्र र विकास साझेदारहरू नेपालसँग थप नजिक रहेर काम गर्न इच्छुक देखिएको बताएका छन् ।

वासिङ्टन डिसीमा आयोजित विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को वसन्तकालीन संयुक्त बैठकमा भाग लिएर स्वदेश फर्किएका अर्थमन्त्री पुनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै आफ्नो भ्रमण सफल भएको बताए । अमेरिकाको सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरूले नेपालसँग थप सहकार्य तथा विकास परियोजनामा लगानी गर्न चाहिरहेको उनको भनाइ छ ।

'समग्रमा यो भ्रमण सफल भएको छ । अमेरिकी सरकारी अधिकारी र मिलेनियन च्यालेञ्ज कर्पोरेसन (एमसिसी)का पदाधिकारीसँग पनि छलफल भयो । उहाँहरूले अमेरिकी सरकार नेपालसँग काम गर्न इच्छुक र विगतभन्दा अझ बढी नजिक रहेर सहयोग गर्ने इच्छा व्यक्त गर्नुभएको छ', अर्थमन्त्री पुनले भने, 'अहिलेको सरकारसँग त्यहाँको सरकार, विकास साझेदार तथा निजी क्षेत्र काम गर्न इच्छुक देखिएको छ । लगानी सम्मेलनमा त्यहाँका उद्योगी व्यवसायीको निकै आकर्षण देखिएको छ ।' निजी क्षेत्रतर्फ कोकाकोला, मेटा, डिज्नील्याण्डलगायत कम्पनीसँग छलफल भएको र ती कम्पनीले पनि नेपालले थप लगानी गर्न चाहेको अर्थमन्त्री पुनले बताए ।

एमसिसीको अनुदान सहयोगमा मिलेनियम च्यालेञ्ज नेपाल अकाउन्ट विकास समिति (एमसीए-नेपाल)ले विद्युत् प्रसारण लाइन र सडक आयोजना निर्माण गरिरहेकामा ती आयोजना तोकिएको समयभित्रै सम्पन्न हुने विश्वास पनि उनले व्यक्त गरे । चार सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अमेरिका पुगेका अर्थमन्त्री पुनले विभिन्न १९ वटा औपचारिक एवं अनौपचारिक कार्यक्रममा सहभागिता जनाएका थिए ।

उनले विश्व बैंक र मुद्रा कोषका बैठकमा सहभागी हुनुका साथै जलवायु परिवर्तनको प्रभावले खतरामा रहेका मुलुकहरूको समूह भी-२० को मन्त्रीस्तरीय बैठक, दक्षिण एसियामा स्वच्छ ऊर्जा सङ्क्रमणसम्बन्धी सत्रका साथै विभिन्न उच्चस्तरीय द्विपक्षीय एवं बहुपक्षीय बैठकहरूमा सहभागिता जनाएका थिए । ती छलफलहरूमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा नेपालजस्ता न्यून कार्बन उत्सर्जन गर्ने मुलुकहरूले पाउनुपर्ने क्षतिपूर्तिबारे गम्भीर विमर्श भएको अर्थमन्त्री पुनको भनाइ छ ।

अर्थमन्त्री पुनले विश्व बैंकका कार्यसञ्चालन प्रबन्ध निर्देशक आना वियर्दे, विश्व बैंकका दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजर, विश्व बैंकका विकास वित्त (डिएफआई) परिचालन हेर्ने उपाध्यक्ष आकिहिको निसिओ, विश्व बैंककै पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङ्झे चेन, अन्तर ाष्ट्रिय वित्त निगम (आइएफसी)का उपाध्यक्ष रिकार्डो पुलिटी र अन्तर ाष्ट्रिय मुद्रा कोष (आइएमएफ)का सहायक प्रबन्ध निर्देशक बो-लीसँग पनि भेटघाट गरेका थिए ।

त्यस्तै अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)का उच्च पदाधिकारी, अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डिएफपी)का पदाधिकारी, अमेरिकन चेम्बर अफ कमर्ससहित निजी क्षेत्रका प्रतिनिधि र त्यहाँस्थित गैरआवासीय नेपालीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।

# राहुघाटमा निर्माणाधीन पाँच जलविद्युत् आयोजना अन्तिम चरणमा

■ प्रभाव संवाददाता



**म्याग्दी–** म्याग्दीको रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाटमा सञ्चालित पाँच वटा जलविद्युत् आयोजना एकैसाथ निर्माणको अन्तिम चरणमा पुगेका छन् । विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धवलागिरि हिमालको फेदीमा मुहान रहेको राहुघाट र सहायक नदीमा सञ्चालित ती आयोजनाको क्षमता १६७.३ मेगावाट रहेको छ ।

रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले तीन वटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार ५० प्रतिशत निर्माण सकिएको २२.५ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पनि आगामी एक वर्षभित्र नै विद्युत् उत्पादनको तयारी गरेको छ ।

'८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको ४८ मेगावाट क्षमताको अपर राहुघाट, ३७.५ मेगावाट क्षमताको मङ्गले राहुघाट र २१.३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना एकैसाथ सम्पन्न हुने चरणमा छन्', अध्यक्ष भण्डारीले भने, '४० मेगावाट क्षमताको राहुघाट र २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोलाको निर्माणले पनि गति लिएको छ ।'

नेपाल विद्युत् प्राधिकरणको शतप्रतिशत लगानीमा स्थापित रघुगङ्गा हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको राहुघाट जलविद्युत् आयोजनाको छ किलोमिटर दुई सय ७० मिटरमध्ये करिब दुई सय ५० मिटर मात्र सुरुङ खन्न बाँकी रहेको प्राधिकरणले जनाएको छ । करिब ७० प्रतिशत भौतिक र ५५ प्रतिशत वित्तीय प्रगति भएको राहुघाटबाट आगामी सन् २०२५ मार्चभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम भइरहेको आयोजना व्यवस्थापक राज विष्टले जानकारी दिए ।

अपर राहुघाट र मङ्गले राहुघाटको प्रवर्द्धक तुदी हाइड्रोपावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले दुईवटै आयोजनाको सुरुङ निर्माण सकिएको, विद्युत्गृह, बाँध निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । करिब रु १४ अर्ब लागतमा विसं २०७७ मा मङ्गले राहुघाट र राहुघाट जलविद्युत् आयोजना निर्माण सुरु भएको थियो । मङ्गले राहुघाटको सन् २०२४ को डिसेम्बर र अपर राहुघाटको जुन महिनामा विद्युत् उत्पादन गर्ने तयारी गरिएको इञ्जिनियर तिमिल्सिनाले बताए ।

संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाको मुख्य सुरुङ र 'सर्ज साफ्ट' जोडिएको छ । आयोजनाको सिभिल ठेकेदार साकुरा-पावर त्रिपल एसका आयोजना व्यवस्थापक शिवलाल चालिसेले आगामी तीन महिनाभित्र पूर्वाधार निर्माणको कामसक्ने लक्ष्य रहेको बताए ।

२२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाका आवासीय इञ्जिनियर सञ्जीव न्यौपानेले बाँध, पेनस्टक पाइपलाइन निर्माणलाई तीव्रता दिइएको बताए । उनका अनुसार विद्युत्गृह निर्माण सुरु भएको आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको छ ।

माथिल्लो ठूलोखोलाबाहेकका आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न रघुगङ्गा-३ अम्बाङको राहुघाट सबस्टेशनबाट केन्द्रीय ग्रिडमा जोडिनेछ । माथिल्लो ठूलोखोलाको बिजुली भने दाना सबस्टेसनमा लैजान प्रसारण लाइन निर्माण थालिएको छ ।

सबस्टेसनमा निर्माणमा भएको ढिलाइका कारण राहुघाट र म्याग्दी नदीमा निर्माणाधीन जलविद्युत् आयोजना अन्योलमा परेका छन् । नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ बिमबाट रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा भारतीय कम्पनी लार्सन एण्ड टियुब्रो (एलएनटी) सँग २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो ।

# पर्यटकको रोजाइमा घोडेपानी

**म्याग्दी–** विसं २०८० मा ३१ हजारभन्दा बढी विदेशी पर्यटकले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिल क्षेत्रको भ्रमण गरेका छन् ।

विसं २०८० को वैशाखदेखि चैतसम्म ३१ हजार चार सय ३९ जना पर्यटकले घोडेपानी पुनहिल क्षेत्रको भ्रमण गरेका पर्यटक प्रहरी चौकी घोडेपानीले जनाएको छ । चौकीले घोडेपानी भित्रिने र बाहिरिने पर्यटकको विवरणसहितको अभिलेख राख्दै आएको छ । गत वर्ष २५ हजार दुई सय ७९ जना पर्यटक भित्रिएका र छ हजार एक सय ६० जना घोडेपानी हुँदै अन्यत्र गएका घोडेपानी प्रहरी चौकीका वरिष्ठ हवल्दार टेकबहादुर सुनारी मगरले बताए । सबैभन्दा बढी चैत महिनामा पाँच हजार आठ सय ४९ जना पर्यटक घोडेपानी आएका छन् ।

वैशाखमा चार हजार चार सय १४, जेठमा एक हजार दुई सय ८१, असारमा चार सय ४१, साउनमा नौ सय ४७, भदौमा नौ सय ७२, असोजमा चार हजार दुई सय ९८ र कात्तिकमा चार हजार तीन सय ५७ जना पर्यटक आएका छन् । कात्तिकमा चार हजार तीन सय ५७, मङ्सिरमा तीन हजार एक सय ९९, पुसमा एक हजार छ सय २७, माघमा एक हजार पाँच सय ७७ र फागुनमा दुई हजार चार सय ७७ जना पर्यटक आएका थिए । विसं २०७९ मा २६ हजार तीन सय एक जना पर्यटकले घोडेपानी घुमेका थिए । घोडेपानी टोल सुधार समितिका उपाध्यक्षसमेत रहेकी होटल व्यवसायी जुलीठकुरी पुनले कोरोनाअघिकै लयमा फर्कन नसके पनि पर्यटक आगमन सुधार हुन थालेकाले आशा जागेको बताए ।

'अनुकूल मौसम र बिदाको समय भएकाले आन्तरिक पर्यटकको आगमन पनि राम्रो छ', उनले भने, 'आन्तरिक पर्यटकले यहाँको होटल व्यवसाय धानिएको छ ।' कोरोनाअघि वार्षिक ६० देखि ७० हजार जना पर्यटक घोडेपानी आउने गरेका थिए ।

समुद्र सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खलाको अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्छन् । घोडेपानीमा साना ठूला गरी २७ होटल छन् । ती होटलमा एक दिनमा एक हजार जना बास बस्न सक्छन् । पुनहिल प्रवेश शुल्क र पुनहिलमा चिया पसल सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षका लागि माइलादाइ होटल तथा रेष्टुराँलाई रु ६३ लाख ११ हजारमा ठेक्का सम्झौता गरेको छ । पुनहिल प्रवेश गर्न हरेक नेपालीले रु ५० र विदेशीले रु एक सय ५० शुल्क तिर्नुपर्छ ।

पुनहिलबाट धौलागिरि, सिस्ने, गुर्जा, मानापाथी, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ । सूर्योदयको दृष्यावलोकन गर्न पाउनु पुनहिलको अर्को विशेषता हो । घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँस जङ्गल छ । हिजोआज गुराँसले ढकमक्क भएको जङ्गलमा रमाउने पर्यटकको चहलपहल बढेको घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले बताए । अन्नपूर्ण परिक्रमा गरी तातोपानी हुँदै कास्कीको विरेठाँटी-उल्लेरी, छोम्रोङ-घान्द्रुक-टाडापानी, नागी-महरेबाट पर्यटक घोडेपानी भित्रिने गरेका छन् । आन्तरिक पर्यटकको अभिलेख राख्ने गरिएको छैन । *रासस*


# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, सुनसरी, नेपाल

## हुरीबतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश

**गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् ।
आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ ।
सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔँ ।**

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं ।


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ